# हाम्रो टीकापुर

## (स्थानीय पाठ्यक्रम कक्षा १-५)-२०७८




**टीकापुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**टीकापुर, कैलाली**

# हाम्रो टीकापुर

## स्थानीय पाठ्यक्रमः कक्षा १-५

## २०७८

## (दोस्रो संस्करण २०८०)


<u>प्रकाशक</u>

टीकापुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

टीकापुर, कैलाली

टीकापुर नगरपालिकाको स्थानीय पाठ्यक्रमः हाम्रो टीकापुर (कक्षा १-५)

**सर्वाधिकार: प्रकाशकमा निहित**
नगर कार्यपालिकाको मितिः २०७८।१२।०६ बैठकबाट स्वीकृत
प्रथम प्रकाशनः वि.सं. २०७८ दोस्रो संस्करण २०८०
मुद्रण प्रतिः१५०

**प्रमुख संरक्षक :** श्री रामलाल डगौंरा थारु (नगर प्रमुख, टीकापुर नगरपालिका)

**संरक्षक:** श्री खडक बहादुर शाह (उपप्रमुख, टीकापुर नगरपालिका)

**सल्लाहकारहरू**
श्री दमन सिंह चौधरी (प्रमुख प्रशासकीय अधिकृत, टीकापुर नगरपालिका)
श्री वैकुण्ठ सुबेदी (इकाई प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई, धनगढ़ी, कैलाली)

**पाठ्यक्रम निर्माण, लेखन तथा सम्पादन समितिः**
संयोजकः श्री नरेश अवस्थी (शाखा अधिकृत, टीकापुर नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा)
सदस्यः श्री नाथुराम चौधरी (सहप्राध्यापक, टीकापुर बहुमुखी क्याम्पस, टीकापुर कैलाली)
सदस्यः श्री केशर बहादुर रावल (प्रधानाध्यापक, श्री खड्ग स्मृति मा. वि., टीकापुर कैलाली)
सदस्यः श्री रविन्द्र बहादुर कठायत (प्रधानाध्यापक, श्री त्रिभुवन मा. वि. वटनपुर)
सदस्यः श्री ललिता शाही (शिक्षक, श्री जनजागृती मा. वि. सितापुर)
सदस्यः श्री बुद्धिराम चौधरी (प्रधानाध्यापक श्री हिमालय मा. वि. घिया)
सदस्यः श्री खगेन्द्र बहादुर घर्तिमगर (प्रधानाध्यापक श्री सरस्वति मा. वि. वनगाँउ)
सदस्यः श्री धर्मराज शर्मा (प्रधानाध्यापक श्री कर्णाली मा. वि. टीकापुर)
सदस्यः श्री काशिराम ढुङ्गाना (प्रधानाध्यापक श्री शक्तिदेवि आ. वि. शक्तिनगर)
सदस्यः श्री पहलमान खत्री (शिक्षक श्री विरेन्द्र विद्या मन्दिर मा. वि. टीकापुर)
सदस्य सचिवः श्री रघुनाथ उपाध्याय (स. प्र. अ. श्री जनप्रकाश आ. वि. बाघमारा)

**भाषा सम्पादनः** श्री लय प्रसाद खतिवडा (सहप्राध्यापक, टीकापुर बहुमुखी क्याम्पस, टीकापुर)
श्री चक्रपाणि भट्टराई (पुर्व प्रधानाध्यापक श्री राष्ट्रिय मा. वि. नारायणपुर)

**विशेष सहयोगीः** श्री विना कुमारी पौडेल (प्रा.स. टीकापुर नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा)

**आवरण डिजाईनः** श्री पृथ्वीराज ढुङ्गाना

**मुद्रकः** शुभलक्ष्मी अफसेट प्रेस, टीकापुर

# भूमिका

शिक्षा देश विकासको मेरूदण्ड हो । समय सापेक्ष, गुणस्तरीय र व्यवहारिक शिक्षाले सिप, सिर्जना र रोजगारीको सम्भावनालाई बढाउँछ । सभ्यता र संस्कार सिकाउँछ । विश्वब्यापी स्थापित एवम् प्रमाणित मान्यताले के भन्छ भने संस्कार, संस्कृति एवम् भाइचारा र बन्धुत्वको भावना विकास गराउन हामीलाई संस्कारयुक्त शिक्षा चाहिन्छ । शिक्षाको समग्र पक्षको विकासको लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको समन्वयात्मक भूमिका महत्त्वपूर्ण हुन्छ । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने गरि व्यवस्थापन गरेको छ । नेपालको संविधान २०७२ ले माध्यमिक तह (पूर्व प्राथमिकदेखि कक्षा १२) सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको पृष्ठभूमिमा हामी निर्वाचित भएर आइसकेपछि टीकापुर नगर क्षेत्रको शैक्षिक उन्नयनमा हामी क्रियाशील भएको कुरा आम नागरिकलाई विदितैछ । शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य तथा विषयगत उद्देश्य पूरा गर्नका लागि पनि पाठ्यक्रमको निर्माण र कार्यान्वयनको आवश्यकता पर्दछ । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकता अनुसार तयार गरिन्छ । केन्द्रले निर्माण गरेका पाठ्यक्रमहरूले स्थानीय विविधता समेट्न नसक्ने भएकाले शैक्षिक विकेन्द्रीकरणको मर्मलाई सम्वोधन गर्न स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय सरोकारवालालाई संलग्न गराउँदै सिकाइ सहजीकरण प्रक्रियामा स्थानीय स्रोत र विज्ञतालाई उपयोग गरिन्छ । स्थानीय पाठ्यक्रमको अध्यापन गर्नुको उद्देश्य स्थानीय ज्ञान, सिप र प्रविधिको विकासमा अपनत्व बोध गराउँदै वैश्विक नागरिक तयार गर्नु हो ।

टीकापुर नगरपालिकाको दशवर्षे नगर शिक्षा योजना, (२०७८-२०८७) समेतले स्थानीय पाठ्यक्रम निर्माणको आवश्यकता र औचित्यताको देखाएको छ । स्थानीय आवश्यकता, विज्ञता एवम् स्थानीय परिवेशको जगमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिने नीतिगत व्यवस्था रहेको सन्दर्भमा स्थानीय स्तरमा स्थानीय पाठ्यक्रमनिर्माण गरि कार्यान्वयन गर्ने प्रचलन पनि बढिरहेको पाइन्छ । यसै पृष्ठभुमिमा रहेर टीकापुर नगरपालिकाले हाम्रो टीकापुर नाम कक्षा १ देखि ५ को पाठ्यक्रम निर्माण गरेको छ । यो पाठ्यक्रम निर्माण गरी अब कार्यान्वयनको चरणमा छौं ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले समेत कक्षा १ देखि ८ स्थानीय पाठ्यक्रमको सम्बन्धमा व्यवस्था गरेको छ । विद्यालय शिक्षा विविधतायुक्त जनसंख्या र स्थानीय तहको आवश्यकतासँग अझ सान्दर्भिक होस भन्ने उद्देश्यका साथ यो व्यवस्था गरिएको हो । हाम्रो प्रयासलाई सफल पार्न सहयोग गर्नुहुने कार्यदलका सदस्यहरू, रचनात्मक तथा अमूल्य राय सुझाव प्रदान गर्नुहुने प्राविधिक सल्लाहकार, अन्तरक्रिया कार्यक्रममा सक्रिय साहभागी हुने जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी सबैमा धन्यवाद ज्ञापन गर्न चाहन्छौ ।

अन्त्यमा, पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी त्यस क्रममा देखिने कमी कमजोरी औंल्याई निरन्तर परिमार्जन र सुधारका लागि पृष्ठपोषण प्रदान गर्न विद्यालय व्यवस्थापन समितिका पदाधिकारिहरू, प्रधानाध्यापकज्यूहरू, शिक्षकका प्रतिनिधिमूलक संस्थाका पदाधिकारीज्यूहरू, आमअभिभावक तथा जनप्रतिनिधि र शिक्षा समितिका पदाधिकारीहरूको सार्थक प्रयास रहने विश्वास लिदै पाठ्यक्रम कार्यान्वयनमा सबै पक्षको सहयोगको अपेक्षा गर्दछौ । धन्यवाद ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली

# विषय - सूची


पेज नं.

**खण्ड - एकः परिचय र संरचना** १ - ६

१.१ पृष्ठभूमि १
१.२ शिक्षाका राष्ट्रिय उद्देश्य १
१.३ विद्यालय शिक्षाको तहगत संरचना र उमेर २
१.४ प्रारम्भिक बालविकास र शिक्षा २
१.५ आधारभूत तह कक्षा (१-३) का सक्षमताहरू ३
१.६ आधारभूत तह कक्षा (४-५) का सक्षमताहरू ३
१.७ स्थानीय पाठ्यक्रमको अर्थ, परिभाषा, सान्दर्भिकता र केन्द्रिय पाठ्यक्रमसँगको सम्बन्ध ३
१.८ पाठ्यक्रम ढाँचा ५
१.९ विषयगत पाठ्यक्रमका अङ्गहरू ६

**खण्ड - दुईः हाम्रो टीकापुर** ७ - ४६

२.१ परीचय ७
२.२ पाठ्यक्रमको औचित्य ७
२.३ पाठ्यक्रम निर्माण प्रक्रिया ७
२.४ शिक्षाको माध्यम ८
२.५ पाठ्यक्रम मुल्याङ्कन ८
२.६ पठनपाठनको समयावधि ८
२.७ स्थानीय पाठ्यक्रमका तहगत सक्षमता ९
२.८ कक्षागत सिकाई उपलब्धि ९
२.९ विषयवस्तुको क्षेत्र र क्रम १३
२.१० विषयवस्तुको विस्तृतिकरण, सम्भावित शिक्षण सिकाई क्रियाकलाप १६
२.११ सम्भावित परीयोजना तथा प्रयोगात्मक कार्य (कक्षा ४-५) २९
२.१२ शिक्षण सिकाई सहजिकरण प्रक्रिया ३०
२.१३ सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने पक्षहरू ३१
२.१४ विद्यार्थी मूल्याङ्कन प्रक्रिया ३२
२.१५ विशिष्टिकरण तालिका ४६

**खण्ड - तीनः विविध** ४७ - ५१

३.१ स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव ४७
३.२ स्थानीय पाठ्यक्रम कार्यान्वयन, परिमार्जन तथा परिवर्तन योजना ४८
३.३ स्थानीय पाठ्यपुस्तक निर्माण तथा लेखन ४८
३.४ स्थानीय पाठ्यक्रम निर्माणको विभिन्न चरणमा सुझाव प्रदान गर्ने व्यक्तित्वहरू ४९

# खण्ड - एक
# परिचय तथा संरचना

## १.१ पृष्ठभूमि

नेपाल विविधताले भरिपूर्ण राष्ट्र हो । यहाँको भौगोलिक, सांस्कृतिक, धार्मिक तथा सामाजिक विविधतालाई केन्द्रीय पाठ्यक्रमले प्रतिनिधित्व गर्न सक्दैन । यसै सन्दर्भमा स्थानीय रूचि र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा पाठ्यक्रम निर्माण गर्न आवश्यक हुन्छ । स्थानीय पाठ्यक्रमको संरचना देश, काल र परिस्थितिअनुसार फरक फरक हुन्छ । सिकाइको व्यवस्थित दस्तावेज नै पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकता अनुसार तयार गरीन्छ । केन्द्रले निर्माण गरेका पाठ्यक्रमहरूले स्थानीयविविधता समेट्न नसक्ने भएकाले शैक्षिक विकेन्द्रीकरणको मर्मलाई सम्वोधन गर्न स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय सरोकारवालालाई संलग्न गराउँदै सिकाइ सहजीकरणप्रक्रियामा स्थानीय स्रोत र विज्ञतालाई उपयोग गरीन्छ । स्थानीय पाठ्यक्रमकोअध्यापन गर्नुको उद्देश्य स्थानीय ज्ञान, सिप र प्रविधिको विकासमा अपनत्व बोध गराउँदै वैश्विक नागरीक तयार गर्नु हो । स्थानीय पाठ्यक्रम शिक्षाका राष्ट्रिय उद्देश्यहरू, तहगत तथा कक्षागत उद्देश्यहरूसँग सान्दर्भिक हुनुपर्दछ । स्थानीय जनप्रतिनिधि, बुद्विजीवी, अभिभावक, प्र.अ. तथा शिक्षकहरू र सम्बन्धीत सम्पपूर्ण सरोकारवालाहरूको सुझाव, सल्लाह र सहयोगमा यो ***आधारभूत तह (कक्षा १-५) को हाम्रो टीकापुर*** नामक स्थानीय पाठ्यक्रम निर्माण गरीएको हो ।

## १.२ शिक्षाका राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार रहेका छन्

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरीक तयार गर्ने,

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरीक तयार गर्ने,

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुर्याउने,

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दीगो विकासमा योगदान गर्ने सचेत नागरीक तयार गर्ने,

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरीक तयार गर्ने,

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरीक तयार गर्ने,

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरीक तयार गर्ने,

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

## १.३ विद्यालय शिक्षाको तहगत संरचना र उमेर

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरीएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारूको उमेर, सिकाइ क्षमता, स्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्न बमोजिम निर्धारण गरीएको छः

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमता स्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९-१० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११-१२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## १.४ प्रारम्भिक वालविकास र शिक्षा

चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरीने छ । चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुने छ । प्रारम्भिक बालविकास र शिक्षाकोपाठ्यक्रम बालबालिकाको उमेरगत विकासात्मक पक्षलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरीने छ । यस तहमा बालबालिकाहरूले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्नेछन् । प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरू निम्नानुसार हुने छन् :

१. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता
२. पोषणयुक्त खाना र स्वस्थकर बानी विकास
३. वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन

४. सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन
५. सिर्जनात्मक सोचको विकास
६. भाषिक तथा सञ्चार सिपको विकास ।

### १.५ आधारभूत तह कक्षा (१-३) का सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा १–३) को उद्देश्य बालबालिकालाई औपचारिक शिक्षासँग परिचित गराउने र आधारभूत साक्षरता, गणितीय ज्ञान र सिप तथा जीवनोपयोगी सिपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्ने हुने छ । उनीहरू आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुने छन् । यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रूचिलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरीने छ । आधारभूत शिक्षा (कक्षा १–३) का
सक्षमता देहायबमोजिम हुने छन् :

१. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग
२. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
३. अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक  गुणको विकास
४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास
५. शारीरिक तन्दुरूस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिप (Life Skills) को विकास
६. कला तथा सौन्दर्यप्रति अभिरूचि र सिर्जनात्मकताको विकास
७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

### १.६ आधारभूत तह कक्षा (४-५) का सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा ४– ५) का सक्षमताहरू निम्नानुसार हुने छन् :

१. देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास
२. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग
३. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
४. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास
५. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास
६. शारीरिक तन्दुरूस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप (Life Skills) तथा व्यवहारकुशलसिप (Soft Skills) को विकास
७. कला तथा सौन्दर्यप्रति अभिरूचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास
८. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

### १.७ स्थानीय पाठ्यक्रमको परिचय र सान्दर्भिकता

स्थानीय आवश्यकता, चाहना, संस्कृति, व्यवसाय, पेसा, उत्पादन र स्थानीय ज्ञान तथा सिपहरूलाई आधार मानी स्थानीय समुदाय, बौद्धिक बर्ग र सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा स्थानीय तहबाटविकास, निर्माण र कार्यान्वयन गरीने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ ।

स्थानीय पाठ्यक्रम विकास निर्देशिका–२०६४ अनुसार "स्थानीय सरोकारवालाहरूको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी विकास र कार्यान्वयन हुने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ।" प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा (१–५), २०६५ अनुसार "स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार गरीने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ।"

पाठ्यक्रमको विकास ज्ञान तथा प्रविधिको विकास र विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरू, समसामयिक समाजका आवश्यकता, स्थानीय परिवेश तथा व्यक्तिको आवश्यकता समेतको सापेक्षतामा गरीन्छ। पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ। राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रूपमा समावेश गर्न देशभित्रका फरक फरक स्थानका फरक फरक विशिष्टता तथा आवश्यकतालाई सम्बोधन गर्नुपर्दछ। यसका लागि राष्ट्रियस्तरमा निर्माण हुने पाठ्यक्रम मात्र पर्याप्त हुन नसक्ने भएकाले स्थानीय विषयको रूपमा पाठ्यक्रम ढाँचाभित्र निश्चित स्थान दिइएको हुन्छ। स्थानीय पाठ्यक्रमले मूलतः स्थानीय आवश्यकता, स्थानीय सहभागिता, स्थानीय विषयवस्तु र स्थानीय विज्ञतालाई समेटेको हुनुपर्दछ। पूरानो पुस्तामा रहेको ज्ञान, सिप र प्रविधिलाई नयाँ पुस्तामा हस्तान्तरण समेत गर्नको लागि स्थानीय पाठ्यक्रमको आवश्यकता रहन्छ। राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ ले विभिन्न ऐच्छिक विषयहरू अध्ययन गर्न पाउने व्यवस्था गरेको थियो।

नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरे अनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो। तर उक्त प्रावधानको प्रभावकारी कार्यान्वयन हुन सकेको पाइएन। प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ मा परिमार्जन भई स्थानीय पाठ्यक्रमलाई समेत विशेष महत्त्व दिँदै केही व्यापकबनाउने कार्य भयो। परिमार्जित पाठ्यक्रममा पहिलेको मातृभाषा र स्थानीय विषयलाई निरन्तरता दिँदै पाठ्यभार वृद्धि गरी साप्ताहिक पाठ्यभार ४ बनाइयो भने सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २०/२० प्रतिशत भार स्थानीय अंशको रूपमा राख्ने व्यवस्था गरीयो। त्यसैगरी आधारभूत शिक्षा कक्षा (६–८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरीएको छ। त्यस्तै नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय शिक्षा नीति, २०७६ले समेत स्थानीय पाठ्यक्रमको विषयमा नीतिगत व्यवस्था गरेको पाइन्छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले स्थानीय पाठ्यक्रमको विषयमा देहाए बमोजिम उल्लेख गरेको छः

- मुलुकको सङ्घीय संरचनाअनुकूल शासकीय स्वरूप र विविधतालाई सम्बोधन गर्ने गरी स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण कार्यलाई प्राथमिकता दिनुपर्दछ।
- विद्यालय पाठ्यक्रममा मातृभाषा, स्थानीय ज्ञान, सिप, प्राकृतिक स्रोतसाधन तथा ऐतिहासिक र सांस्कृतिक पक्षलाई समायोजन (अनुकूलन) गर्दा स्थानीय आवश्यकतामा आधारित अध्ययनलाई पठनपाठनको महत्त्वपूर्ण क्षेत्रका रूपमा विकास गरीने छ।
- स्थानीय आवश्यकताको पहिचान गरी स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरीने छ।
- राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरीने छ। स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरीने छ।
- स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरीने छ।

- स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालय जिम्मेवार हुने छ ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूपको मार्गदर्शन र खाकाभित्र रही स्थानीय तहले स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्ने छ ।
- आधारभूत तहको कक्षा ८ सम्मकोपाठ्यक्रम संरचनामा समेटिएको मातृभाषा स्थानीय विषयको पाठ्यक्रम, पाठ्यपुस्तक एवम् पाठ्यसामग्री विकास सम्बन्धीत स्थानीय तहले गर्ने छ ।
- स्थानीय ज्ञान, सिप तथा प्रविधिमा आधारित पेसा, व्यवसायको प्रवर्धनका लागि स्थानीय पाठ्यक्रमको व्यवस्था गरी कार्यान्वयन गरीने छ ।

यसरी विगत पाँच दशकदेखि वर्तमान समयसम्म स्थानीय पाठ्यक्रमको विषयमा विभिन्न दस्तावेजहरूले जोड गर्दै आएको, वर्तमान समयमा सङ्घीय नेपालको विकेन्द्रित संरचना कार्यान्वयनमा समेत स्थानीय पाठ्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । स्थानीय ज्ञान, सिप र प्रविधिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परीवेशमा पुर्याउन, आफ्नो स्थानीय संस्कार तथा संस्कृतिको रक्षा गर्न र विद्यार्थीहरूमा अपनत्वको भावना विकास गर्न समेत स्थानीय पाठ्यक्रम एक कोशेढुङ्गा साबित हुने देखिन्छ ।

## १.८ पाठ्यक्रम ढाँचा

### क) आधारभूत शिक्षा कक्षा (१–३)

आधारभूत शिक्षा कक्षा (१–३) मा एकीकृत स्वरूपको पाठ्यक्रम हुने छ । सिकाइका क्षेत्रहरू (Themes) पहिचान गरी विषय र सिकाइका क्षेत्रका आधारमा बहुविषयात्मक (Multidisciplinary) तथा अन्तरविषयगत (Interdisciplinary) ढाँचामा पाठ्यक्रम आधारित गरीने छ । यस अनुसार एकीकृत विषय क्षेत्रहरूले समेट्न नसकेका सिकाइ उपलब्धिहरूलाई समेट्ने गरी विषयगत सिकाइ क्षेत्रहरूसमेत रहन सक्नेछन् । भाषागत विषयसँग सम्बन्धीत विषय क्षेत्रहरू पठनपाठन सम्बन्धीत भाषामा नै गर्नुपर्ने छ । यस्तो पाठ्यक्रम क्रियाकलापमुखी हुने छ । यसले विद्यार्थीहरूमा विषयवस्तुको ज्ञानका साथै विभिन्न किसिमका सिपको विकासमा जोड दिने छ । यस तहमा बालबालिकाहरूले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्ने छन् । आधारभूत तह कक्षा (१–३) मा विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, सिर्जनात्मक कला, मातृभाषातथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू प्रदान गरीने छ । एकीकृत सिद्वान्तअनुसार विषयसम्बन्धी क्रियाकलाप, पाठ्यघण्टा (Credit Hour) र वार्षिक कार्यघण्टा निम्नानुसार हुने छन् :

| क्र स | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा (Credit Hour) | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २ | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३ | गणितिय सिप विकास सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५ | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६ | मातृभाषिक सिप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप (हाम्रो टीकापुर) | ५ | १६० |
| जम्मा | | २६ | ८३२ |

## ख) आधारभूत शिक्षा कक्षा (४–५)

आधारभूत शिक्षा कक्षा (४–५) मा विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा, स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू प्रदान गरीने छ । यस तहको पाठ्यक्रम धेरै बोझिलो नहुने गरी विकास गरीने छ ।यस तहमा बालबालिकाहरूले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्ने छन् । यस तहमा रहने विषय, पाठ्यघण्टा (Credit Hour) र वार्षिक कार्यघण्टा निम्नानुसार हुने छन् :

| क्र स | विषय | पाठ्यघण्टा (Credit Hour) | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययनतथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सृजनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय (हाम्रो टीकापुर) | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

## १.९ विषयगत पाठ्यक्रमका अङ्गहरू

कुनै विषयवस्तुको पाठ्यक्रम तयार गर्दा सामान्यतया देहाय बमोजिमका अङ्गहरू समावेश गरीएका हुन्छन् :

क) परिचय
ख) तहगत सक्षमता
ग) कक्षागत सिकाइ उपलब्धि
घ) विषयवस्तुको क्षेत्र तथा क्रम
ङ) विषयवस्तुको विस्तृतीकरण तथा सम्भावित शिक्षण सिकाइ क्रियाकलाप
च) सिकाइ सहजीकरण प्रक्रिया
छ) विद्यार्थी मूल्याङ्कन प्रक्रिया

# खण्ड - दुई
# हाम्रो टीकापुर

## २.१ परिचय

यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले निर्दिष्ट गरेका प्रावधानलाई ध्यान दिई विकास गरीएको छ । सङ्घीय स्तरमा निर्माण गरीने पाठ्यक्रमले स्थानीय आवश्यकता, अवसर र सम्भावनालाई सही ढङ्गले सम्बोधन गर्न कठिन हुने भएकोले पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग बाञ्छनीय हुन्छ भन्ने मान्यता अहिले आएर स्थापित भएको पाइन्छ । शिक्षाका विशिष्ट उद्देश्य तथा साधारण उद्देश्यलाई सिकारूसम्म पुर्याउने एउटा सहज मार्गको रूपमा पनि पाठ्यक्रमलाई लिने गरेको परिप्रेक्षमा समग्र शिक्षण सिकाइको योजनाको रूपमा पनि पाठ्यक्रमलाई लिने गरेको देखिन्छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीयतहमा निहित गरेसँगै स्थानीय तहमा प्राप्त अधिकारको परिधिमा रहि स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग हुन थालेको सुखद पक्ष पनि छ । टीकापुर नगरपालिकाले विशेषतः टीकापुर नगरपालिकाको परिचय, नक्साङ्कन र इतिहास, नगरभित्रको रीतिरिवाज, संस्कार र संस्कृति, स्थानीय धार्मिक र पर्यटकीय स्थलहरू, स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधि, स्थानीय प्रकोप र जोखिमको पहिचान तथा व्यवस्थापन जस्ता पक्षहरू समावेश गरी **हाम्रो टीकापुर** नामक स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ बाट कक्षा १ देखि क्रमशः लागू गर्दै लैजाने योजनाका साथ पाठ्यक्रम निर्माण गरेकोहो । यो पाठ्यक्रममा टीकापुर नगरपालिकाको ९ वटै वडाबाट प्राप्त सुझावहरूलाई समेटिएको छ । यसो हुँदा पाठ्यक्रममा स्थानीय आवश्यकताले समुचित स्थान पाएको छ ।

## २.२ पाठ्यक्रमको औचित्य

यो पाठ्यक्रम निर्माण गर्नुको उद्देश्य स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सहभागिता र विज्ञताको संलग्नतामा पाठ्यक्रम विकास गर्ने, विद्यार्थीहरूमा स्थानीयज्ञान, सिप, अभिवृत्तिको विकास गर्ने, श्रमको सम्मान गर्ने भावनाको विकासको साथै स्थानीय पेसा, व्यवसाय, प्रविधि, मूल्य-मान्यता, वातावरण संरक्षण तथा प्रवर्द्धन गर्ने रहेको छ । यसका लागि प्रारम्भिक कक्षादेखि नै स्थानीय परिवेशसँग परिचित गराउनका लागि स्थानीय पाठ्यक्रमको महत्त्वपूर्ण भूमिका हुन्छ । यो पाठ्यक्रम गरेर सिक्ने पद्धतिमा आधारितभई सिकाइ सहजीकरण गर्ने र विद्यार्थीहरूलाई उनीहरूले विभिन्न माध्यमबाट प्राप्त ज्ञान, सिप र अभिवृत्तिलाई विद्यालय तथा समुदायमा प्रयोग गर्ने खालका क्रियाकलापलाई जोड दिएको छ । स्थानीय ज्ञान, सिप, प्रविधि, मूल्यमान्यता, संस्कार, सभ्यता र संस्कृतिप्रति सुसूचित गराउँदै बालबालिकाहरूलाई स्थानीय स्रोत–साधनको पहिचान र परिचालन गर्न सहयोग पुगोस भन्ने उद्देश्यले पनि यो पाठ्यक्रम तयार गरीएको हो । बालबालिकाहरूलाई स्थानीय ज्ञान, सिप र प्रविधिलाई उपयोग गर्दै आत्मनिर्भर हुन र जीविकोपार्जनमा सहयोग पुग्ने अपेक्षाका साथ निर्माण गरीएको यस पाठ्यक्रमले टीकापुर नगरपालिकाको वस्तुस्थितिको बारेमा समुचित जानकारी समेत दिनेछ ।

## २.३ पाठ्यक्रम निर्माण प्रक्रिया

निर्धारित कार्य सम्पादन गर्नका लागि विभिन्न समय अवधिमा गरीने कार्यहरूको अलग अलग स्वरूपलाई चरण भनिन्छ । पाठ्यक्रम निर्माण कार्य पनि एउटा प्रक्रिया पूरा गरेर सम्पन्न हुन्छ । कक्षा (१–५) को स्थानीय पाठ्यक्रम तयार गर्नका लागि सम्पादन गरीएका चरणहरूलाई निम्नानुसार उल्लेख गरीएको छः

- आवश्यकता पहिचान (सरोकारवाला तथा प्रधानाध्यापकहरूको सर्वपक्षिय भेला)
- ११ सदस्यीय पाठ्यक्रम निर्माण समिति गठन
- विषयवस्तुहरूको विषयमा सुझाव सङ्कलन (शिक्षक, प्र.अ., जन प्रतिनिधि, नगर शिक्षा समिति, शिक्षकका पेसागत सङ्घ सङ्गठन, अन्य सङ्घ संस्थाका प्रतिनिधि आदि)
- मस्यौदा लेखन उपसमिति गठन
- मुख्य सरोकारवाला सँग मस्यौदा माथि छलफल तथा सुझाव सङ्कलन
- राय सुझाव सहित सम्पादन
- नगर शिक्षा समितिमा पेश र स्विकृतिको लागि नगर कार्यपालिकाको वैठकमा सिफारिस
- नगर कार्यपालिकाबाट स्वीकृत
- अन्तिम मुद्रण प्रति (PRC) तयारी र छपाई
- प्रबोधीकरण, अभिमुखीकरण र कार्यान्वयन

## २.४ शिक्षाको माध्यम

टीकापुर नगरपालिकामा सार्वजनिक विद्यालय र संस्थागत दुवै प्रकृतिका विद्यालयहरू रहेका छन । विद्यालयको आन्तरिक सक्षमता, अभिभावकको चाहनाअनुसार शिक्षणको माध्यम छनोट हुने भएकाले यस हाम्रो टीकापुर भन्ने विषयको अध्ययन अध्यापनका लागि माध्यम नेपाली भाषा वा अङ्ग्रेजी भाषा वा दुवै भाषा हुन सक्नेछ।

## २.५ पाठ्यक्रम मूल्याङ्कन

पाठ्यक्रम विकास समष्टिरूप हो । यस अन्तरगत पाठ्यक्रम निर्माण, सङ्गठन, परिवर्तन, सुधार, कार्यान्वयन र मूल्याङ्कन सबै पक्षहरू पर्दछन्। सामान्यतया प्रत्येक ५ वर्षमा पाठ्यक्रम परिमार्जन र प्रत्येक १० वर्षमा पाठ्यक्रम परिवर्तन गर्ने गरीन्छ। तर टीकापुर नगरपालिकाको हकमा आवश्यकताअनुसार पाठ्यक्रमको परिमार्जन एवम् सुधार कार्य समयको माग अनुसार अगाडि बढ्नेछ। समग्रमा पाठ्यक्रम मूल्याङ्कनका लागि निम्न आधारहरू लिने गरीन्छः

- विद्यार्थीको सिकाइ उपलब्धिस्तर
- शिक्षकको कार्य सम्पादन स्तर
- शिक्षणका लागि छुट्याइएको समय
- विद्यार्थीका विभिन्न व्यवहार तथा प्रभाव
- अभिभावक तथा समाजको अपेक्षा र प्रतिक्रिया
- सरोकारवालाको विद्यालयप्रतिको धारणा
- बदलिंदो सिकाइ प्रवृत्ति

## २.६ पठनपाठनको समयावधि

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार आधारभूत तह कक्षा (१–५) का लागि एक शैक्षिक सत्रमा कम्तिमा २०५ दिन कक्षा सञ्चालन हुने व्यवस्था गरीएको छ। विषयगत रूपमा हेर्दा यस स्थानीय पाठ्यक्रम हाम्रो टीकापुरका लागि वार्षिक रूपमा कक्षा (१–३) सम्म ५ पाठ्यघण्टा (Credit Hour) अर्थात १६० कार्यघण्टा निर्धारण भएको छ भने कक्षा (४–५) मा ४ पाठ्य घण्टा अर्थात १२८ कार्यघण्टाको व्यवस्था भएको छ। स्मरण रहोस् कि एक पाठ्यघण्टा भन्नाले ३२घण्टाको समय

अवधिलाई जनाउँछ । तोकिएको पाठ्यघण्टा (Credit Hour) नघट्ने गरी विद्यालयले विषयको आवश्यकताअनुसार साप्ताहिक कार्यतालिकाको समयावधि निर्धारण गरी कक्षा सञ्चालन गर्नुपर्ने छ ।

### २.७ स्थानीय पाठ्यक्रमका तहगत सक्षमता

#### २.७.१ कक्षाः १-३ का सक्षमता

क) स्थानीय भौगोलिक स्थितिको परिचय
ख) टीकापुरको प्राकृतिक सम्पदाको पहिचान
ग) स्थानीय प्रचलित चाडपर्व, धार्मिक स्थल र संस्कृतिको पहिचान
घ) स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलापहरूको पहिचान
ङ) अध्ययनरत विद्यालयको परिचय
च) व्यक्तिगत सरसफाई, व्यायाम तथा स्थानीय खेलहरूको पहिचान
छ) स्थानीय क्षेत्रका सम्भावित विपतहरूको सामान्य परिचय

#### २.७.२ कक्षाः ४-५ का सक्षमता

क) स्थानीय भौगोलिक स्थितिको अवस्था पहिचान र नक्साङ्कन
ख) टीकापुरको प्राकृतिक सम्पदाको महत्त्व बोध
ग) टीकापुरको ऐतिहासिक पृष्ठभूमिको सामान्य चिनारी
घ) स्थानीय प्रचलित चाडपर्व, धार्मिक स्थल तथा संस्कृतिको आवश्यकता र महत्त्व
ङ) स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलापहरूको सम्मान
च) अध्ययनरत विद्यालयको सरसफाइ तथा संरक्षण
छ) व्यक्तिगत सरसफाई, योग, ध्यान तथा स्थानीय खेलहरूको सामान्य परिचय र अभ्यास
ज) स्थानीय क्षेत्रका सम्भावित विपतहरूबाट बच्ने उपायहरूको पहिचान
झ) स्थानीय स्तरमा नेतृत्व गर्ने व्यक्तिहरूको सामान्य चिनारी

### २.८ कक्षागत सिकाइ उपलब्धि

#### २.८.१ कक्षा १-३ का सिकाइ उपलब्धि

| क्षेत्र/थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|
| १. स्थानीय भौगोलिक स्थिति | • आफ्नो गाउँ/टोलको नाम र ठेगाना भन्न ।<br>• स्थानीय गाउँ/टोल वरिपरिको हावापानी बताउन।<br>• स्थानीय गाउँ/टोल देखि विद्यालय सम्मको सडकको आकार प्रकार बताउन । | • आफ्नो गाउँको भौगोलिक स्थिति (समथर, उच्चो, खेतीपाति, नदी किनार) बताउन ।<br>• स्थानीय गाउँ/टोल वरिपरिको हावापानीको परिचय दिन ।<br>• स्थानीय गाउँ/टोल देखि विद्यालय सम्मको सडकको प्रकार बताउन । | • आफ्ना गाउँ/टोलको सिमानामा पर्ने गाउँबारे बताउन।<br>• स्थानीय हावापानी र मौसमबारे बताउन ।<br>• स्थानीय क्षेत्रका मुख्य मुख्य सडकहरूको नाम बताउन। | २५ |

| | | | | |
|---|---|---|---|---|
| २. स्थानीय प्राकृतिक सम्पदाको पहिचान र संरक्षण | • स्थानीय गाउँघरका पानीका स्रोतहरूको नाम भन्न ।<br>• आफ्नो गाउँ र विद्यालय वरपर पाइने/देखिने पशुपंक्षीको नाम बताउन।<br>• स्थानीय ठाउँका विभिन्न बोटबिरूवाहरूका नाम भन्न । | • स्थानीय क्षेत्रमा रहेका पानीका स्रोतको पहिचान र तिनको प्रयोग बताउन ।<br>• आफ्ना गाउँघरमा पाइने पशुपंक्षीहरू पहिचान गर्न।<br>• गाउँघरमा पाइने बोट बिरूवाहरू/फलफुलहरू चिन्न । | • गाउँ नजिकको प्राकृतिक सम्पदाहरूको (वनजङ्गल, नदी, ताल) नाम बताउन ।<br>• आफ्ना गाउँघरमा पाइने घरपालुवा पशुपंक्षीहरू पहिचन गर्न ।<br>• स्थानीय फलफुल तथा बोट बिरूवाहरूको सूची तयार गर्न । | २० |
| ३. स्थानीय संस्कृतिको पहिचान र संरक्षण | • स्थानीय क्षेत्रमा अवस्थित पूराना मठ मन्दिर तथा पूजा गर्ने स्थलको नाम बताउन।<br>• आफ्नो परिवारमा मनाइने मुख्य चाडपर्वहरूको नाम भन्न ।<br>• आफ्नो परिवारमा बोलिने भाषा, आफूले लगाउने लुगा, खाना, संस्कार को नाम बताउन ।<br>• आफ्नो गाउँघरमा बजाउने बाजाको नाम बताउन । | • स्थानीय क्षेत्रमा भएका धार्मिक सम्पदाको बारेमा बताउन ।<br>• आफ्नो गाउँघरमा मनाइने चाडपर्वहरूको नाम भन्ने।<br>• आफ्नो गाउँघरमा बोलिने भाषा, भेषभूषा, खाना, संस्कार को नाम बताउन।<br>• आफ्नो गाउँघरमा बजाउने बाजा पहिचान गर्न । | • आफ्नो परिवारमा मान्ने धर्मबारे बताउन ।<br>• स्थानीय क्षेत्रमा मनाइने चाडपर्व तथा रीतिरिवाजको परिचय दिन।<br>• स्थानीय मातृभाषाका केही शब्दहरू बुझ्न, बोल्न र वाक्य बनाउन ।<br>• आफ्नो गाउँघरमा बोलिने भाषा, भेषभूषा, खाना, संस्कार को परिचय दिन ।<br>• स्थानीय नाँचगानको नाम बताउन । | ३५ |
| ४. स्थानीय पेसा व्यवसाय तथा आर्थिक क्रियाकलाप | • घरपरिवारका सदस्यले गर्ने काम बताउन ।<br>• घरमा आम्दानी हुने क्रियाकलाप भन्न ।<br>• घरायसी कामका लागि प्रयोग हुने वस्तुहरूको सूची बनाउन। | • गाउँघरमा गरीने पेसा र व्यवसायको जानकारी दिन ।<br>• स्थानीय बासिन्दाहरूको आर्थिक क्रियाकलापहरू नाम बताउन ।<br>• गाउँघरमा उत्पादन हुने वस्तुहरूको जानकारी दिन। | • स्थानीय क्षेत्रका मानिसहरूको पेसा व्यवसायको सूची बनाउन<br>• स्थानीय बासिन्दाहरूको आर्थिक क्रियाकलापहरू सूचि बनाउन ।<br>• स्थानीयव्यवसायहरूबाट उत्पादित वस्तुहरूबारे भन्न । | ३० |
| ५. हामी र हाम्रो विद्यालय | • आफू अध्ययनरत विद्यालयको नाम भन्न ।<br>• विद्यालयको भौतिक अवस्थासँग परिचित हुन ।<br>• कक्षा शिक्षकको नाम बताउन । | • आफू अध्ययनरत विद्यालयको नाम/ठेगाना भन्न ।<br>• विद्यालयको भौतिक अवस्थासँग परिचित हुन।<br>• आफूलाई अध्यापन गर्ने | • आफू अध्ययनरत विद्यालयको नाम/ठेगाना भन्न र लेख्न ।<br>• विद्यालयको भौतिक अवस्थाको सुधारमा सहभागी हुन। | १५ |

| | | | | |
|---|---|---|---|---|
| | | शिक्षकको नाम बताउन। | • आफूलाई अध्यापन गर्ने विषय शिक्षकको नाम बताउन। | |
| ६. हाम्रो स्वास्थ्य र विपद व्यवस्थापन | • व्यक्तिगत सरसफाईका लागि आवश्यक सामग्रीहरूको नाम बताउन।<br>• फोहरमैला व्यवस्थापनको स्थान पहिचान गर्न।<br>• स्थानीय खेलहरूको पहिचान गर्न।<br>• बाढी, हुरी, आगलागि जस्ता विपतका पहिचान गर्न। | • व्यक्तिगत सरसफाईका लागि आवश्यकसामग्रीहरूको सूचि बनाउन।<br>• फोहरमैला व्यवस्थापनको स्थान पहिचान गर्न।<br>• स्थानीय खेलहरूको अभ्यास गर्न।<br>• बाढी, हुरी, आगलागि जस्ता विपतको परिचय दिन। | • व्यक्तिगत सरसफाईको महत्त्व बताउन।<br>• वरपरको वतावरण फोहर हुने कारण बताउन।<br>• स्थानीय खेलहरूको महत्त्व बताउन।<br>• बाढी, हुरी, आगलागि जस्ता विपतले पार्ने प्रभावहरू बताउन। | २० |
| ७. स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरू | • स्थानीय प्रख्यात व्यक्तित्वहरूको नाम बताउन।<br>• स्थानीय सामाजिक संस्थाहरको पहिचान गर्न। | • स्थानीय प्रख्यात व्यक्तित्वहरूको पहिचान गर्न।<br>• स्थानीय सामाजिक संस्थामा नेतृत्व गर्नेको नाम बताउन। | • स्थानीय प्रख्यात व्यक्तित्वहरूको सूचि बनाउन।<br>• स्थानीय सामाजिक संस्थाहरूको परिचय दिन। | १५ |

## २.८.२ कक्षा ४-५ का सिकाइ उपलब्धि

| क्षेत्र/थिम | कक्षा ४ | कक्षा ५ | कार्य घण्टा |
|---|---|---|---|
| १. स्थानीय भौगोलिक स्थिति | • कैलाली जिल्लाको नक्सामा टीकापुर नगरपालिकाको भौगोलिक अवस्थिति पहिचान गर्न।<br>• आफ्नो वडाको सिमानामा पर्ने वडा र गाउँको नाम बताउन।<br>• वडाको जनसङ्ख्या भन्न।<br>• स्थानीय क्षेत्रको हावापानीको परिचय दिन।<br>• आफ्नो वडाको मुख्य सडकहरू पहिचान गर्न। | • टीकापुर नगरपालिको नक्साङ्कन गर्न।<br>• टीकापुर नगरपालिको सिमाना बताउन।<br>• स्थानीय क्षेत्रको हावापानी र मौसम बिच फरक छुट्याउन।<br>• टीकापुर नगरपालिकाको वडागत जनसङ्ख्या भन्न।<br>• टीकापुर नगरपालिकाको मुख्य सडक तथा मार्गहरूको पहिचान गर्न। | २० |
| २. स्थानीय प्राकृतिक सम्पदाको पहिचान र | • स्थानीय प्राकृतिक सम्पदाहरू (वनजङ्गल, नदीनाला, ताल) पहिचान गर्न।<br>• स्थानीय क्षेत्रमा पाइने पशुपंक्षीको बारेमा | • स्थानीय प्राकृतिक सम्पदाहरूको पहिचान गरी संरक्षणका उपाय बताउन।<br>• स्थानीय क्षेत्रमा पाइने पशुपंक्षीको उपयोगिता बताउन। | २० |

| | | | |
|---|---|---|---|
| संरक्षण | बताउन । <br>• मौसमी तथा बेमौसमी खेतीपाती र फलफुलको सूचि तयार गर्न । | • फलफुल तथा खेतीपाती कार्यमा सहभागिता जनाउन । | |
| ३. स्थानीय संस्कृतिको पहिचान र संरक्षण | • स्थानीय क्षेत्रमा भएका धार्मिक सम्पदाको बारेमा बताउन । <br>• आफ्नो गाउँघरमा मनाइने चाडपर्वहरूको नाम भन्न । <br>• आफ्नो गाउँघरमा बोलिने भाषा, भेषभूषा, खाना, संस्कारको नाम बताउन <br>• आफ्नो गाउँघरमा बजाउने बाजा पहिचान गर्न । | • आफ्नो परिवारमा मान्ने धर्मबारे बताउन । <br>• स्थानीय क्षेत्रमा मनाइने चाडपर्व तथा रीतिरिवाजको परिचय दिन। <br>• स्थानीय मातृभाषाका केही शब्दहरू बुझ्न, बोल्न र वाक्य बनाउन । <br>• आफ्नो गाउँघरमा बोलिने भाषा, भेषभूषा, खाना, संस्कारको परिचय दिन । <br>• स्थानीय नाँचगानको नाम बताउन । | ३५ |
| ४. स्थानीय पेसा व्यवसाय तथा आर्थिक क्रियाकलाप | • गाउँघरमा गरीने पेसा र व्यवसायको जानकारी दिन । <br>• स्थानीय बासिन्दाहरूको आर्थिक क्रियाकलापहरू नाम बताउन । <br>• गाउँघरमा उत्पादन हुने वस्तुहरूको जानकारी दिन । | • स्थानीय क्षेत्रका मानिसहरूको पेसा व्यवसायको सूची बनाउन । <br>• स्थानीय बासिन्दाहरूको आर्थिक क्रियाकलापहरू सूचि बनाउन । <br>• स्थानीयव्यवसायहरूबाट उत्पादित वस्तुहरूबारे भन्न । | ३० |
| ५. हामी र हाम्रो विद्यालय | • आफू अध्ययनरत विद्यालयको नाम/ठेगाना भन्न । <br>• विद्यालयको भौतिक अवस्थासँग परिचित हुन । <br>• आफूलाई अध्यापन गर्ने शिक्षकको नाम बताउन। | • आफू अध्ययनरत विद्यालयको नाम/ठेगाना भन्न र लेख्न । <br>• विद्यालयको भौतिक अवस्थाको सुधारमा सहभागी हुन। <br>• आफूलाई अध्यापन गर्ने विषय शिक्षकको नाम बताउन । | १५ |
| ६. हाम्रो स्वास्थ्य र विपद व्यवस्थापन | • व्यक्तिगत सरसफाईका लागि आवश्यक सामग्रीहरूको सूचि बनाउन । <br>• फोहरमैला व्यवस्थापनको स्थान पहिचान गर्न । <br>• स्थानीय खेलहरूको अभ्यास गर्न। <br>• बाढी, हुरी, आगलागि जस्ता विपतको परिचय दिन । | • व्यक्तिगत सरसफाईको महत्त्व बताउन । <br>• वरपरको वतावरण फोहर हुने कारण बताउन । <br>• स्थानीय खेलहरूको महत्त्व बताउन। <br>• बाढी, हुरी, आगलागि जस्ता विपतले पार्ने प्रभावहरू बताउन । | २० |
| ७. स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरू | • स्थानीय प्रख्यात व्यक्तित्वहरूको पहिचान गर्न । <br>• स्थानीय सामाजिक संस्थामा नेतृत्व गर्नेको नाम बताउन । | • स्थानीय प्रख्यात व्यक्तित्वहरूको सूचि बनाउन । <br>• स्थानीय सामाजिक संस्थाहरूको परिचय दिन। | १५ |

२.९ विषयवस्तुको क्षेत्र र क्रम

२.९.१ कक्षा १-३ को विषयवस्तुको क्षेत्र र क्रम

| क्षेत्र/थिम | कक्षा १ | कार्य घण्टा | कक्षा २ | कार्य घण्टा | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. स्थानीय भौगोलिक स्थिति | ▪ आफ्नो गाउँ/टोलको नाम र ठेगाना।<br>▪ स्थानीय गाउँ/टोल वरिपरिको हावापानी<br>▪ स्थानीय गाउँ/टोल देखि विद्यालयसम्मको सडकको आकार प्रकार | २५ | ▪ आफ्नो गाउँको भौगोलिक स्थिति (समथर, उच्चो, खेतीपाति, नदी किनार)<br>▪ स्थानीय गाउँ/टोल वरिपरिको हावापानीको परिचय<br>▪ स्थानीय गाउँ/टोलदेखि विद्यालयसम्मको सडकको प्रकार | २५ | ▪ आफ्ना गाउँ/टोलको सिमानामा पर्ने गाउँको परिचय<br>▪ स्थानीय हावापानी र मौसम<br>▪ स्थानीय क्षेत्रका मुख्य मुख्य सडकहरूको नाम | २५ |
| २. स्थानीय प्राकृतिक सम्पदाको पहिचान र संरक्षण | ▪ स्थानीय गाउँघरका पानीका स्रोतहरू<br>▪ आफ्नो गाउँ र विद्यालय वरपर पाइने/देखिने पशुपंक्षीहरू<br>▪ स्थानीय ठाउँका विभिन्न बोटबिरूवाहरूका नाम | २० | ▪ स्थानीय क्षेत्रमा रहेका पानीका स्रोतको पहिचान र तिनको प्रयोग<br>▪ आफ्ना गाउँघरमा पाइने पशुपंक्षीहरू<br>▪ गाउँघरमा पाइने बोट बिरूवाहरू/ फलफुलहरू | २० | ▪ गाउँ नजिकको प्राकृतिक सम्पदाहरू ( वनजङ्गल, नदी, ताल)<br>▪ आफ्ना गाउँघरमा पाइने घरपालुवा पशुपंक्षीहरू<br>▪ स्थानीय फलफुल तथा बोट बिरूवाहरू | २० |
| ३. स्थानीय संस्कृतिको पहिचान र संरक्षण | ▪ स्थानीय क्षेत्रमा अवस्थित पूराना मठ मन्दिर तथा पूजा गर्ने स्थलहरू<br>▪ आफ्नो परिवारमा मनाइने मुख्य चाडपर्वहरू<br>▪ आफ्नो परिवारमा बोलिने भाषा, आफूले लगाउने लुगा, खाना, संस्कार<br>▪ आफ्नो गाउँघरमा बजाउने स्थानीय बाजाहरू | ३५ | ▪ स्थानीय क्षेत्रमा भएका धार्मिक सम्पदाहरू<br>▪ आफ्नो गाउँघरमा मनाइने चाडपर्वहरू<br>▪ आफ्नो गाउँघरमा बोलिने भाषा, भेषभूषा, खाना, संस्कार<br>▪ आफ्नो गाउँघरमा बजाउने स्थानीय बाजाहरू | ३५ | ▪ आफ्नो परिवारमा मान्ने धर्महरू।<br>▪ स्थानीय क्षेत्रमा मनाइने चाडपर्व तथा रीतिरिवाज<br>▪ स्थानीय मातृभाषाका केही शब्दहरू र अभ्यास<br>▪ आफ्नो गाउँघरमा बोलिने भाषा, भेषभूषा, खाना, संस्कार।<br>▪ स्थानीय नाँचगानहरू | ३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. स्थानीय पेसा व्यवसाय तथा आर्थिक क्रियाकलाप | ▪ घरपरिवारकासदस्यले गर्ने काम<br>▪ घरमा आम्दानी हुने क्रियाकलापहरू<br>▪ घरायसी कामका लागि प्रयोग हुने वस्तुहरू । | ३० | ▪ गाउँघरमा गरीने पेसा र व्यवसायहरू<br>▪ स्थानीय बासिन्दाहरूको आर्थिक क्रियाकलापहरू<br>▪ गाउँघरमा उत्पादन हुने वस्तुहरू | ३० | ▪ स्थानीय क्षेत्रका मानिसहरूको पेसा व्यवसायहरू<br>▪ स्थानीय बासिन्दाहरूको आर्थिक क्रियाकलापहरू<br>▪ स्थानीय व्यवसायहरूबाट उत्पादित वस्तुहरू | ३० |
| ५. हामी र हाम्रो विद्यालय | ▪ आफू अध्ययनरत विद्यालयको नाम<br>▪ विद्यालयको भौतिक अवस्था<br>▪ कक्षा शिक्षकको नाम। | १५ | ▪ आफू अध्ययनरत विद्यालयको नाम र ठेगाना ।<br>▪ विद्यालयको भौतिक अवस्था<br>▪ आफूलाई अध्यापन गर्ने शिक्षकको नाम | १५ | ▪ आफू अध्ययनरत विद्यालयको नाम/ठेगाना<br>▪ विद्यालयको भौतिक अवस्थाको सुधारमा सहभागीहुने गतिविधिहरू<br>▪ आफूलाई अध्यापन गर्ने विषय शिक्षकको नाम | १५ |
| ६. हाम्रो स्वास्थ्य र विपद व्यवस्थापन | ▪ व्यक्तिगत सरसफाईका लागि आवश्यक सामग्रीहरू<br>▪ घर तथा विद्यालयमा हुने फोहरमैला ।<br>▪ स्थानीय खेलहरू।<br>▪ बाढी, हुरी, आगलागि जस्ता विपतहरू | २० | ▪ व्यक्तिगत सरसफाईका लागि आवश्यक सामग्रीहरू ।<br>▪ फोहरमैला व्यवस्थापन<br>▪ स्थानीय खेलको अभ्यास<br>▪ बाढी, हुरी, आगलागि जस्ता विपतको परिचय | २० | ▪ व्यक्तिगत सरसफाईको महत्त्व<br>▪ वरपरको वतावरण फोहोर हुने कारण<br>▪ स्थानीय खेलको महत्त्व<br>▪ बाढी, हुरी, आगलागि जस्ता विपतले पार्ने प्रभावहरू | २० |
| ७. स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरू | ▪ स्थानीय प्रख्यात व्यक्तित्वहरू चित्र र नाम<br>▪ स्थानीय सामाजिक संस्थाहरू (बरघर प्रणाली, आमा समूह, क्लबहरू) | १५ | ▪ स्थानीय प्रख्यात व्यक्तित्वहरूको पहिचान<br>▪ स्थानीय सामाजिक संस्थामा नेतृत्व (बरघर प्रणाली, आमा समूह, क्लबहरू) | १५ | ▪ स्थानीय प्रख्यात व्यक्तित्वहरूको सूचि।<br>▪ स्थानीय सामाजिक संस्थाहरूको परिचय । (बरघर प्रणाली, आमा समूह, क्लबहरू) | |

२.९.२ कक्षा ४-५ को विषयवस्तुको क्षेत्र र क्रम

| क्षेत्र/थिम | कक्षा ४ | कार्य घण्टा | कक्षा ५ | कार्य घण्टा |
|---|---|---|---|---|
| १. स्थानीय भौगोलिक स्थिति | ▪ कैलाली जिल्लाको नक्सामा टीकापुर नगरपालिकाको भौगोलिक अवस्थिति<br>▪ आफ्नो वडाको सिमानामा पर्ने वडा र गाउँको नाम<br>▪ वडाको जनसङ्ख्या।<br>▪ स्थानीय क्षेत्रको हावापानीको परिचय दिन।<br>▪ आफ्नो वडाको मुख्य सडकहरू। | २० | ▪ टीकापुर नगरपालिको नक्सा र अभ्यास।<br>▪ टीकापुर नगरपालिको सिमाना।<br>▪ स्थानीय क्षेत्रको हावापानी र मौसम बिच फरक।<br>▪ टीकापुर नगरपालिकाको वडागत जनसङ्ख्या<br>▪ टीकापुर नगरपालिकाको मुख्य सडक तथा मार्गहरू। | २० |
| २. स्थानीय प्राकृतिक सम्पदाको पहिचान र संरक्षण | ▪ स्थानीय प्राकृतिक सम्पदाहरू (वनजङ्गल, नदीनाला, ताल)।<br>▪ स्थानीय क्षेत्रमा पाइने पशुपंक्षीहरूको परिचय<br>▪ मौसमी तथा बेमौसी खेतीपाती र फलफुलहरू। | १८ | ▪ स्थानीय प्राकृतिक सम्पदाहरू तथा तिनका संरक्षणका उपायहरू।<br>▪ स्थानीय क्षेत्रमा पाइने पशुपंक्षीको उपयोगिता<br>▪ फलफुल तथा खेतीपाति कार्यमा सहभागिता | १८ |
| ३. स्थानीय संस्कृतिको पहिचान र संरक्षण | ▪ टीकापुरको ऐतिहासिक पक्ष ।<br>▪ स्थानीय क्षेत्रमा मनाइने धर्म, चाडपर्व, पुजापाठ तथा रीतिरिवाजको महत्त्व।<br>▪ स्थानीय विभिन्न समुदाय र बोलिने स्थानीय भाषा तथा भेषभूषाको महत्त्व।<br>▪ स्थानीय संस्कार ( जन्म, मृत्यु, विवाह ) बारे सामान्य परिचय।<br>▪ स्थानीय नाँचगानको सामान्य परिचय। | २८ | ▪ टीकापुर नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि।<br>▪ स्थानीय जातिको मुख्य चाडपर्व,पूजापाठको परिचय र तिनमा गरीने क्रियाकलापहरू।<br>▪ स्थानीय विभिन्न समुदाय र बोलिने स्थानीय भाषा तथा भेषभूषाको महत्त्व<br>▪ स्थानीय नाँचगान र तिनको अभ्यास<br>▪ स्थानीय जातिको संस्कार (जन्म,मृत्यु र विवाह) को सामान्य परिचय | २८ |
| ४. स्थानीय पेसा व्यवसाय तथा आर्थिक क्रियाकलाप | ▪ कृषि तथा गैर कृषि पेसा व्यवसायहरूको परिचय<br>▪ स्थानीय घरेलु व्यवसायहरूको पहिचान ।<br>▪ स्थानीय व्यवसाय केरा र उखु खेतीको परिचय। | २० | ▪ कृषि तथा गैर कृषि पेसा व्यवसायबिच फरक।<br>▪ स्थानीय स्तरको वस्तु खरिद बिक्रि गर्ने स्थलको पहिचान ।<br>▪ स्थानीय उद्योग व्यवसायबाट उत्पादित वस्तुहरूको बिक्री विवरणको अवस्था<br>▪ स्थानीय व्यवसाय केरा र उखु खेतीको स्थिति र त्यसबाट लाभान्वित पक्षहरू। | २० |
| ५. हामी र हाम्रो विद्यालय | ▪ हरित विद्यालयको अवधारणा।<br>▪ विद्यालयस्तरका स्काउट, बालक्लब, जुरेस, गुनासो सुनुवाइ समितिको परिचय। | १२ | ▪ हरित विद्यालय वातावरण निर्माणमा सहभागिता।<br>▪ विद्यालयस्तरका स्काउट, बालक्लब, | १२ |

| | | | | |
|---|---|---|---|---|
| | ▪ विद्यालयका सम्पत्तिहरूको परिचय। | | जुरेस, गुनासो सुनुवाइ समितिको महत्त्व र सहभागिता। ▪ विद्यालयका सम्पत्तिहरूको संरक्षणका उपायहरू। | |
| ६. हाम्रो स्वास्थ्य र विपद व्यवस्थापन | ▪ योग, ध्यान र स्थानीय खेलहरूको सामान्य परिचय। ▪ विद्यालयमा खाने स्वस्थकर खाजाको पहिचान। ▪ बाढी, हुरी, आगलागि जस्ता विपतबाट बच्ने उपायहरू। | १८ | ▪ योग, ध्यान र स्थानीय खेलहरू अभ्यास। ▪ विद्यालयमा खाने स्वस्थकर खाजाको महत्त्व ▪ बाढी, हुरी, आगलागि जस्ता विपतबाट बच्ने उपायहरू। | १८ |
| ७. स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरू | ▪ विविध क्षेत्रका ख्याति प्राप्त स्थानीय व्यक्तित्वहरूको परिचय। ▪ स्थानीय सामाजिक संस्थाहरू (बरघर प्रणाली, आमा समूह, क्लबहरू) ले प्रदान गर्ने सेवाहरू। | १२ | ▪ विविध क्षेत्रका ख्याति प्राप्त स्थानीय व्यक्तित्वहरूको महत्त्वपूर्ण योगदानहरू। ▪ स्थानीय सामाजिक संस्थाहरू (बरघर प्रणाली, आमा समूह, क्लबहरू)को आवश्यकता र महत्त्व। | १२ |

## २.१० विषयवस्तुको विस्तृतीकरण, सम्भावित शिक्षण सिकाइ क्रियाकलाप

कक्षा-१

| क्र स | क्षेत्र/एकाइ/थिम | मुख्य विषयवस्तुर विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १ | स्थानीय भौगोलिक स्थिति | ▪ मेरो गाउँ/टोलको नाम र ठेगाना। ▪ स्थानीय गाउँ/टोल वरिपरिको हावापानी ▪ स्थानीय गाउँ/टोल देखि विद्यालय सम्मको सडकको आकार प्रकार | ▪ प्रश्नोत्तर विधिबाट विद्यार्थीहरूलाई उनीहरूको गाउँको नाम तथा वडाको नं. सोधेर भन्न लगाउने। ▪ आफू बसेको गाउँ ठाउँको बनोट कस्तो छ भनी छलफल गर्ने/गराउने ▪ कक्षा कोठाबाहिर लगेर वरिपरिको भूबनोट (समथर उच्चो, खेतीपाती, नदीनाला) अवलोकन गर्न लगाउने। ▪ छलफलबाट आफ्नो गाउँको दायाँ बायाँ तलमाथि भएका बाटाको नाम र प्रकार सोध्ने। | ▪ विद्यार्थीहरूलाई उनीहरूको गाउँ तथा वडा नं. सोध्ने। ▪ स्थानीय बाटो तथा सडक आदिबाट नजिकको कुन ठाउँमा पुगिन्छ भन्न लगाउने ▪ आफ्नो गाउँको स्थानीय गाउँको भ्रमण पश्चात् उक्त ठाउँको बनोट बारे सोध्ने (समथर, खेतीपाती, नदी किनारा)। | २५ |
| २ | स्थानीय प्राकृतिक सम्पदाको | ▪ स्थानीय गाउँघरका पानीका | ▪ गाउँघरमा आएका धारा, खोला खोल्साका अवलोकन गराई नाम | ▪ गाउँघरको खेतबारी तथा धारामा कहाँबाट पानी ल्याएको छ सोध्ने। | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | पहिचान र संरक्षण | स्रोतहरू<br>▪ मेरो गाउँ र विद्यालय वरपर पाइने/देखिने पशुपंक्षीहरू<br>▪ स्थानीय ठाउँका विभिन्न बोटबिरूवाहरू का नाम | भनिदिने।<br>▪ स्थानीय रूपमा पाइने पशुपंक्षीको चित्र/नमुना प्रदर्शन गराई नाम भन्न लगाउने।<br>▪ स्थानीय गाउँ घरको अवलोकन भ्रमण गराई देखिएको बोटबिरूवा, वनजङ्गल, ताल, पशुपंक्षीहरू चिनाई नाम बताई दिने। | ▪ गाउँघरमा आफूले चिनेका र देखेका पंक्षीको सोध्ने।<br>▪ गाउँघरमा पालिएका जनावरका नाम सोध्ने।<br>▪ गाउँघरमा विभिन्न समयमा हुने फुलहरूको नाम सोध्ने।<br>▪ गाउँघरको नजिक रहेको पानीका स्रोतको बारेमा सोध्ने | |
| ३ | स्थानीय संस्कृतिको पहिचान र संरक्षण | ▪ स्थानीय क्षेत्रमा अवस्थित पूराना मठ मन्दिर तथा पूजा गर्ने स्थलहरू<br>▪ मेरो परिवारमा मनाइने मुख्य चाडपर्वहरू<br>▪ मेरो परिवारमा बोलिने भाषा,आफूले लगाउने लुगा, खाना, संस्कार<br>▪ गाउँघरमा बजाउने स्थानीय बाजाहरू | ▪ विद्यार्थीहरूलाई स्थानीय गाउँको भ्रमण गराई त्यहाँका मठ मन्दिर, चैत्य, गुम्बा, चर्च, मरूवा आदिको पहिचान गर्ने, गराउने<br>▪ गाउँघरमा मनाइने चाडपर्वको सूचीबनाई ती चाडपर्वमा गरीने पूजापाठ, खानपान, नाँचगान र अन्य क्रियाकलापहरूको बारेमा चित्र देखाई छलफल गर्ने<br>▪ गाउँघरमा मनाइने विभिन्न चाडपर्वको समयमा अवलोकन गराउने<br>▪ स्थानीय क्षेत्रमा बोलिने भाषाहरूको बारेमा बताईदिने। | ▪ स्थानीय गाउँघरमा रहेका मठमन्दिरको नाम सोध्ने।<br>▪ गाउँमा मानिने प्रमुख चाडपर्वहरूको नाम सोध्ने<br>▪ स्थानीय चाडपर्वमा गरीने क्रियाकलापहरू र खाने परिकारहरू बारे सोध्ने।<br>▪ घरमा बोल्ने भाषाको नाम सोध्ने।<br>▪ गाउँघरमा बजाउने स्थानीय बाजाहरूको नाम सोध्ने। | ३५ |
| ४ | स्थानीय पेसा व्यवसाय तथा आर्थिक क्रियाकलाप | ▪ घरपरिवारका सदस्यले गर्ने काम<br>▪ घरमा आम्दानी हुने क्रियाकलापहरू<br>▪ घरायसी कामका लागि प्रयोग हुने वस्तुहरू। | ▪ विद्यार्थीहरूको समूह बनाई घरमा परिवारका सदस्यले गर्ने कामका बारेमा छलफल गराई भन्न लगाउने<br>▪ विद्यालय वरपरको घरहरूमा अवलोकन गराई त्यहाँका मानिसले गर्ने कामका बारेमा जानकारी सङ्कलन गर्ने<br>▪ चित्र प्रदर्शन तथा श्रव्य दृश्य सामग्रीको प्रदर्शन गरी जानकारी दिने | ▪ बुबा/काका/आमा/काकी ले गर्ने काम सोध्ने।<br>▪ स्थानीय ठाउँमा अवलोकन गर्दा देखेको काम सोध्ने।<br>▪ घरमा पसलबाट खरिद गरेर ल्याउने सामग्रीको नाम सोध्ने। | ३० |
| ५ | हामी र हाम्रो विद्यालय | ▪ मेरो विद्यालय<br>▪ विद्यालयको भौतिक अवस्था | ▪ आफू अध्ययनरत विद्यालयको नाम मौखिक रूपमा भन्न लगाउने | ▪ मौखिक रूपमा विद्यालयको नाम सोध्ने।<br>▪ विद्यालयको भौतिक | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ▪ कक्षा शिक्षकको नाम | ▪ विद्यालयको भौतिक अवस्था (चौर, खेल मैदान, शौचालय, खाने पानी आदि) अवलोकन गराउने।<br>▪ प्रश्नोत्तर विधिबाट। | पक्षहरूको नाम सोध्ने।<br>▪ कक्षा शिक्षकको नाम सोध्ने। | |
| ६ | हाम्रो स्वास्थ्य र विपद व्यवस्थापन | ▪ व्यक्तिगत सरसफाईका लागि आवश्यक सामग्रीहरू<br>▪ घर तथा विद्यालयमा हुने फोहरमैला व्यवस्थापन।<br>▪ स्थानीय खेलहरू<br>▪ बाढी, हुरी, आगलागि जस्ता विपतहरू। | ▪ चित्र प्रदर्शन तथा श्रव्य दृश्य सामग्रीको प्रदर्शन गरी जानकारी दिने।<br>▪ शिक्षकले नमुना प्रस्तुति गरी फोहरमैला व्यवस्थापन सम्बन्धी जानकारी दिने<br>▪ चित्र प्रदर्शन तथा श्रव्य दृश्य सामग्री तथा केही खेलेर स्थानीय खेलहरू तथा बाढी, हुरी, आगलागि जस्ता विपतहरूको बारेमा जानकारी दिने। | ▪ व्यक्तिगत सरसफाईका लागि आवश्यक सामग्रीहरू देखाएर सोध्ने<br>▪ फोहर मैला फाल्ने ठाँउ देखाउन लगाउने।<br>▪ स्थानीय खेलहरू चिन्न लगाउने<br>▪ विपतका केही नामहरू सोध्ने। | २० |
| ७ | स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरू | ▪ स्थानीय प्रख्यात व्यक्तित्वहरू चित्र र नाम<br>▪ स्थानीय सामाजिक संस्थाहरू (बरघर प्रणाली, आमा समूह, क्लबहरू) | ▪ चित्र पत्ती, शब्द पत्तीमा स्थानीय व्यक्तित्वहरूका नाम प्रस्तुत गर्ने।<br>▪ बरघर प्रणाली, आमा समूह, क्लबहरू बारे प्रदर्शनी तथा प्रत्यक्ष भेटघाट गराउने | ▪ स्थानीय प्रख्यात व्यक्तित्वहरू नामहरू सोध्ने।<br>▪ चित्रको माध्यमबाट बरघर प्रणाली, आमा समूह, क्लबहरू चिन्न लगाउने | १५ |

कक्षा-२

| क्र स | क्षेत्र/एकाइ/थिम | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १ | स्थानीय भौगोलिक स्थिति | ▪ मेरो गाउँको भौगोलिक स्थिति (समथर, खेतीपाति नदी किनार)<br>▪ मेरो गाउँ/टोल वरिपरिको हावापानीको | ▪ सिमानामा जोडिएका गाउँको स्वरूप झल्किने खालको चित्र प्रस्तुत गर्ने र छलफल गर्ने।<br>▪ स्थानीय गाउँको अवलोकन गराई भौगोलिक स्थितिका बारेमा छलफल गराउने।<br>▪ दुई गाउँलाई छुट्याउने | ▪ गाउँको नाम सोध्ने।<br>▪ गाउँको वरिपरि रहेका गाउँका नामहरू सोध्ने।<br>▪ गाउँलाई छुट्ट्याउने खोला वा सडक/चौताराको नाम सोध्ने।<br>▪ आफू बस्ने गाउँ र छिमेकी गाउँको नजिक रहेको | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | परिचय<br>▪ मेरो गाउँ/टोल देखि विद्यालय सम्मको सडकको प्रकार। | खोलानाला बाटो, सडक, जङ्गल, चौतारो आदिबारे छलफल गरी तिनको नामबारे जानकारी दिने। | खोलानालाको नाम सोध्ने। | |
| २ | स्थानीय प्राकृतिक सम्पदाको पहिचान र संरक्षण | ▪ स्थानीय क्षेत्रमा रहेका पानीका स्रोतको पहिचान र तिनको प्रयोग<br>▪ गाउँघरमा पाइने पशुपंक्षीहरू<br>▪ गाउँघरमा पाइने बोट बिरूवाहरू तथा फलफुलहरू | ▪ विद्यालय तथा गाउँ घरमा रहेका पानीका स्रोत अवलोकन गराई तिनको प्रयोगबारे छलफल गराउने<br>▪ स्थानीय रूपमा पाइने पशुपंक्षीहरूको चित्र देखाई तिनको नामबारे छलफल गराई भन्न लगाउने<br>▪ स्थानीय बोट बिरूवा र फलफुलको नाम सङ्कलन, प्रस्तुति र छलफल गर्ने। | ▪ आफ्नो गाउँघरमा पाइने पानीका स्रोतको नाम सोध्ने।<br>▪ पानीका प्रयोग बताउन लगाउने।<br>▪ गाउँघरमा पाइने घरपालुवा जनावरहरूको सूची बनाउन लगाउने।<br>▪ चित्रका माध्यमबाट घरपालुवा र जङ्गली जनावर छुट्ट्याउन लगाउने।<br>▪ घरमा वा छिमेकीको घरमा भएका फलफुलको नाम सोध्ने।<br>▪ बारीमा भएको बोटको नाम सोध्ने | २० |
| ३ | स्थानीय संस्कृतिको पहिचान र संरक्षण | ▪ स्थानीय क्षेत्रमा भएका धार्मिक सम्पदाहरू।<br>▪ गाउँघरमा मनाइने चाडपर्वहरू<br>▪ गाउँघरमा बोलिने भाषा, भेषभूषा, खाना, संस्कार<br>▪ गाउँघरमा बजाउने स्थानीय बाजाहरू भेषभूषा लगाएको चित्र देखाई समुदायको नाम सोध्ने | ▪ स्थानीय क्षेत्रमा भएका धार्मिक तथा सांस्कृतिक स्थलहरूको भ्रमण गराई देखेका कुराहरूका बारेमा छलफल गर्न लगाउने।<br>▪ गाउँघरमा मनाइने चाडपर्वको सूचीबनाई ती चाडपर्वमा गरीने पूजापाठ, खानपान, नाँचगान र अन्य क्रियाकलापहरूको बारेमा चित्र देखाई छलफल गर्ने<br>▪ गाउँघरमा मनाइने विभिन्न चाडपर्वको समयमा अवलोकन गराउने<br>▪ केही नेपाली भाषा र केही स्थानीय भाषाको शब्द भण्डार/सूची बनाई प्रस्तुत र छलफल गराउने।<br>▪ चित्र प्रदर्शनी तथा भिडियो देखाइ गाउँघरमा बजाउने स्थानीय बाजाहरू चिनाउने। | ▪ स्थानीय क्षेत्रमा भएका धार्मिक स्थलको सूची बनाउन लगाएर<br>▪ स्थानीय गाउँघरमा मनाइने चाडपर्व तथा पूजापाठको नाम सोध्ने<br>▪ भेषभूषा लगाएको चित्र देखाई समुदायको नाम सोध्ने।<br>▪ नेपाली भाषाको कुनै शब्दलाई स्थानीय भाषामा सोध्ने।<br>▪ स्थानीय रूपमा मनाइने चाडपर्वमा गरीने क्रियाकलाप सोध्ने।<br>▪ गाउँघरमा बजाउने स्थानीय बाजाहरूको नाम सोध्ने। | ३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | स्थानीय पेसा व्यवसाय तथा आर्थिक क्रियाकलाप | ▪ गाउँघरमा गरीने पेसा र व्यवसायहरू<br>▪ स्थानीय बासिन्दाहरूको आर्थिक क्रियाकलापहरू<br>▪ गाउँघरमा उत्पादन हुने वस्तुहरू | ▪ विद्यार्थीका घरका सदस्यहरूले गर्ने कामको सूची बनाई छलफल गर्ने ।<br>▪ गाउँघरमा हुने पेसा व्यवसायको अवलोकन गराई छलफल गर्ने ।<br>▪ गाउँ घरमा उत्पादन हुने वस्तुको नाम भन्न लगाउने र त्यसबारे छलफल गर्ने । | ▪ घर परिवारका सदस्यहरूले गर्ने कामको सूची बनाउन लगाउने ।<br>▪ गाउँघरमा नै बनेका सामानहरूको नाम सोध्ने।<br>▪ गाउँघर र छिमेकका मानिसहरूले गर्ने पेसाहरूको सूची बनाउन लगाएर।<br>▪ चित्र देखाई पेसा चिन्न लगाउने । | ३० |
| ५ | हामी र हाम्रो विद्यालय | ▪ मेरो विद्यालयको नाम र ठेगाना ।<br>▪ विद्यालयको भौतिक अवस्था<br>▪ अध्यापन गर्ने शिक्षकको नाम । | ▪ आफू अध्ययनरत विद्यालयको नाम र ठेगाना मौखिक रूपमा भन्न लगाउने<br>▪ विद्यालयको भौतिक अवस्था (चौर, खेल मैदान, शौचालय, खाने पानी आदि) अवलोकन गराउने ।<br>▪ प्रश्नोत्तर विधिबाट । | ▪ मौखिक रूपमा विद्यालयको नाम र ठेगाना सोध्ने ।<br>▪ विद्यालयको भौतिक पक्षहरूको नाम सोध्ने ।<br>▪ अध्यापन गर्ने शिक्षकको नाम सोध्ने । | १५ |
| ६ | हाम्रो स्वास्थ्य र विपद व्यवस्थापन | ▪ व्यक्तिगत सरसफाईका लागि आवश्यक सामग्रीहरू ।<br>▪ फोहरमैला व्यवस्थापन<br>▪ स्थानीय खेलको अभ्यास<br>▪ बाढी, हुरी, आगलागि जस्ता विपतको परि | ▪ चित्र प्रदर्शन तथा श्रव्य दृश्य सामग्रीको प्रदर्शन गरी जानकारी दिने<br>▪ शिक्षकले नमुना प्रस्तुति गरी फोहरमैला व्यवस्थापन सम्बन्धी जानकारी दिने ।<br>▪ चित्र प्रदर्शन तथा श्रव्य दृश्य सामग्रीतथा केही खेलेर स्थानीय खेलहरू तथा बाढी, हुरी, आगलागि जस्ता विपतहरूको बारेमा जानकारी दिने । | ▪ व्यक्तिगत सरसफाईका लागि आवश्यक सामग्रीहरू देखाएर सोध्ने<br>▪ फोहर मैला फाल्ने ठाउ देखाउन लगाउने ।<br>▪ स्थानीय खेलहरू चिन्ने र अभ्यास गर्न लगाउने<br>▪ विपतका केही नामहरू सोधेर त्यसको बारेमा छोटो प्रश्न सोध्ने । | २० |
| ७ | स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरू | ▪ स्थानीय प्रख्यात व्यक्तित्वहरू व्यक्तित्वहरूको पहिचान<br>▪ स्थानीय सामाजिक संस्थामा नेतृत्व गर्नेको नाम (बरघर प्रणाली, आमा समूह, क्लबहरू) | ▪ चित्र पत्ती, शब्द पत्तीमा स्थानीय व्यक्तित्वहरूका नाम प्रस्तुत गर्ने ।<br>▪ बरघर प्रणाली, आमा समूह, क्लबहरू बारे प्रदर्शनी तथा प्रत्यक्ष भेटघाट गराउने । | ▪ ख्याति प्राप्त क्षेत्र सहित नामहरू सोध्ने ।<br>▪ चित्रको माध्यमबाट बरघर प्रणाली, आमा समूह, क्लबहरू चिन्न लगाउने तथा त्यसमा नेतृत्व गर्नेको नाम सोध्ने। | १५ |

कक्षा-३

| क्र स | क्षेत्र/एकाइ/थिम | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १ | स्थानीय भौगोलिक स्थिति | ▪ गाउँ/टोलको सिमानामा पर्ने गाउँको परिचय<br>▪ स्थानीय हावापानी र मौसम<br>▪ स्थानीय क्षेत्रका मुख्य मुख्य सडकहरूको नाम | ▪ आफ्नो गाउँ को चारैतिर पर्ने सिमानाका गाउँबारे छलफल तथा प्रश्नोत्तर गर्ने ।<br>▪ स्थानीय गाउँको हावापानीको सन्दर्भमा दृश्य, श्रव्य दृश्यको प्रस्तुति तथा अवलोकन द्वारा जानकारी दिने ।<br>▪ स्थानीय क्षेत्रका मुख्य मुख्य सडकहरूको नामबारे छलफल, प्रश्नोत्तर गर्ने । | ▪ बच्चाको गाउँको नाम सोध्ने ।<br>▪ आफू बसेको वडाको नाम र विद्यालय रहेको ठाउँको नाम लेख्न लगाउने ।<br>▪ गाउँको हावापानीका बारेमा सोध्ने ।<br>▪ मुख्य मुख्य सडकहरूको नाम सोध्ने । | २५ |
| २ | स्थानीय प्राकृतिक सम्पदाको पहिचान र संरक्षण | ▪ गाउँ नजिकको प्राकृतिक सम्पदाहरू (वनजङ्गल, नदी, ताल)<br>▪ गाउँघरमा पाइने घरपालुवा पशुपंक्षीहरू<br>▪ स्थानीय फलफुल तथा बोट बिरूवाहरू | ▪ स्थानीय गाउँ तथा जङ्गलको स्थलगत भ्रमण गराउने र प्राकृतिक सम्पदाका बारेमा छलफल गराउने ।<br>▪ गाउँघरमा पाइने घरमा पाइने घरपालुवा तथा स्थानीय जङ्गलमा पाइने पशुपंक्षीको चित्र, पोष्टर, नमुना प्रदर्शन गराई छलफल गर्ने ।<br>▪ स्थानीय जानकारहरूलाई बोलाई स्थानीय बोटबिरूवा, चराचुरूङ्गी, जनावर तथा फलफुलबारे छलफल गराउने । | ▪ स्थानीय जल सम्पदाको उपयोगिता लेख्न लगाउने ।<br>▪ विद्यार्थीहरूलाई पशुपंक्षीहरूको नाम सोध्ने ।<br>▪ स्थानीय गाउँघरमा पाइने फलफुलका नामहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>▪ भ्रमणमा देखेका कुराहरूमाथि छलफल गरी टिपोट गरीएका बुँदाहरू प्रस्तुत गर्न लगाउने । | २० |
| ३ | स्थानीय संस्कृतिको पहिचान र संरक्षण | ▪ मेरो परिवारमा मान्ने धर्महरू ।<br>▪ स्थानीय क्षेत्रमा मनाइने चाडपर्व तथा रीतिरिवाज<br>▪ स्थानीय मातृभाषाका केही | ▪ स्थानीय गाउँ घरमा मानिने धर्महरूको सूची बनाई प्रस्तुत गर्ने र छलफल गर्ने ।<br>▪ स्थानीय मठमन्दिर, चर्च, गुम्बा, मरूवा आदिको अवलोकन, भ्रमण गराई टिपोट गर्न लगाउने र सोसम्बन्धी जानकार | ▪ घरमा मानिने धर्मको नाम सोध्ने ।<br>▪ स्थानीय मठमन्दिर, गुम्बा, मरूवाको बारेमा साध्ने ।<br>▪ नेपाली भाषाको | ३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | शब्दहरू र अभ्यास<br>▪ गाउँघरमा बोलिने भाषा, भेषभूषा, खाना, संस्कार ।<br>▪ स्थानीय नाँचगानहरू | व्यक्तिबाट तिनको महत्त्वमाथि छलफल गराउने ।<br>▪ स्थानीय चाडपर्वमा गरीने क्रियाकलापबारे स्थानीय जानकार व्यक्तिसँग अन्तरक्रिया गराउने ।<br>▪ स्थानीय भाषासम्बन्धी स्थानीय मातृभाषाका विज्ञ तथा विद्यार्थीहरू बिच छलफल गराउने । | कुनै शब्दलाई स्थानीय भाषामा सोध्ने ।<br>▪ भ्रमणमा टिपोट गरेका विषय वस्तुमा प्रस्तुत गर्न लगाउने ।<br>▪ स्थानीय चाडपर्व तथा रीतिरिवाजसँग सम्बन्धीत प्रश्न सोध्ने । | |
| ४ | स्थानीय पेसा व्यवसाय तथा आर्थिक क्रियाकलाप | ▪ स्थानीय क्षेत्रका मानिसहरूको पेसा व्यवसायहरू<br>▪ स्थानीय बासिन्दाहरूको आर्थिक क्रियाकलापहरू<br>▪ स्थानीय व्यवसायहरूबाट उत्पादित वस्तुहरू | ▪ स्थानीय मानिसहरूले गर्ने पेसा सञ्चालित स्थलहरूको भ्रमण गराई टिपोट गर्न लगाउने र प्रस्तुत गर्न लगाउने ।<br>▪ स्थानीय व्यवसायहरूको सूची बनाई छलफल गर्ने ।<br>▪ स्थानीय व्यवसाय संञ्चालनकर्ताद्वारा सोको माथि विद्यार्थीसँग छलफल गराउने ।<br>▪ स्थलगत अवलोकनबाट उत्पादित वस्तुको बिक्री वितरणको अवस्थाबारे छलफल गराउने | ▪ स्थानीय पेसा व्यवसायको सूची तयार गराउने ।<br>▪ घरपरिवारमा काम लागेका स्थानीय पेसा व्यवसायका उत्पादित सामग्रीहरूको नाम सोध्ने<br>▪ कुनै स्थानीय व्यवसायका बारेमा छोटो प्रतिवेदन तयार गराउने । | ३० |
| ५ | हामी र हाम्रो विद्यालय | ▪ मेरो विद्यालयको नाम/ठेगाना<br>▪ विद्यालयको भौतिक अवस्थाको सुधारमा सहभागीहुने गतिविधिहरू<br>▪ आफूलाई अध्यापन गर्ने विषय शिक्षकको नाम | ▪ आफू अध्ययनरत विद्यालयको नाम र ठेगाना लेख्न लगाउने<br>▪ विद्यालयको भौतिक अवस्था (चौर, खेल मैदान, शौचालय, खाने पानी आदि) अवलोकन गराउने तथा सहभागितात्मक कार्य गर्ने गराउने ।<br>▪ प्रश्नोत्तर विधिबाट । | ▪ विद्यालयको नाम र ठेगाना लेख्न लगाउने ।<br>▪ विद्यालयको भौतिक पक्षहरू राम्रो बनाउने तरिकाको अभ्यास गर्न लगाउने ।<br>▪ विषय शिक्षकको नाम सोध्ने । | १५ |
| ६ | हाम्रो स्वास्थ्य र विपद व्यवस्थापन | ▪ व्यक्तिगत सरसफाईको महत्त्व ।<br>▪ वरपरको वतावरण फोहर हुने कारण<br>▪ स्थानीय खेलको | ▪ छलफल तथा महत्त्व झल्किने श्रव्य दृश्य सामग्रीको प्रदर्शन गर्ने।<br>▪ छलफल तथा प्रदर्शन गरी वरपरको वतावरण फोहर हुने कारण बताउने | ▪ व्यक्तिगत सरसफाईका लागि आवश्यक सामग्रीहरू देखाएर सोध्ने<br>▪ फोहर मैला फाल्ने | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | महत्त्व<br>▪ बाढी, हुरी, आगलागि जस्ता विपतले पार्ने प्रभावहरू | ▪ छलफल तथा श्रव्य दृश्य सामग्रीको माध्यमबाट स्थानीय खेलको महत्त्व बताउने<br>▪ चित्र प्रदर्शन तथा श्रव्य दृश्य सामग्रीद्वारा बाढी, हुरी, आगलागि जस्ता विपतहरूको प्रभाव बारेमा जानकारी दिने | उचित ठाउँको नाम सोध्ने ।<br>▪ स्थानीय खेलहरू आवश्यकता र महत्त्व सोध्ने ।<br>▪ विपतले जनजीवनमा पार्ने प्रभावहरू सोध्ने । | |
| ७ | स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरू | ▪ स्थानीय प्रख्यात व्यक्तित्वहरूको सूचि ।<br>▪ स्थानीय सामाजिक संस्थाहरूको परिचय । (बरघर प्रणाली, आमा समूह, क्लबहरू) | ▪ चित्रपत्ती, शब्दपत्तीमा स्थानीय व्यक्तित्वहरूका नाम प्रस्तुत गर्ने।<br>▪ बरघर प्रणाली, आमा समूह, क्लबहरू बारे प्रदर्शनी तथा प्रत्यक्ष भेटघाट गराउने | ▪ स्थानीय प्रख्यात व्यक्तित्वहरूका नामहरू सोध्ने ।<br>▪ चित्रको माध्यमबाट बरघर प्रणाली, आमा समूह, क्लबहरू चिन्न लगाउने । | १५ |

कक्षा-४

| क्र स | क्षेत्र/एकाइ | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १ | स्थानीय भौगोलिक स्थिति | ▪ कैलाली जिल्लाको नक्सामा टीकापुर नगरपालिकाको भौगोलिक अवस्थिति<br>▪ मेरो वडाको सिमानामा पर्ने वडा र गाउँको नाम<br>▪ मेरो वडाको जनसङ्ख्या ।<br>▪ स्थानीय क्षेत्रको हावापानी र आफ्नो वडाको मुख्य सडकहरू । | ▪ कैलाली जिल्लाको नक्सा प्रस्तुत गरी टीकापुरको अवस्थितिबारे जानकारी दिन विद्यार्थी स्वयंलाई नक्सामा पत्ता लगाउँन सिकाउने ।<br>▪ टीकापुर नगरपालिकाको नक्सा प्रस्तुत गरी चारैतिरको सिमाना क्षेत्रफलबारे छलफल गर्न लगाउने<br>▪ वडाको जनसङ्ख्या तथा हावापानीको परिचयको लागि छलफल तथा बहस गर्ने<br>▪ टीकापुर न.पा. को सूची र नक्साद्वारा प्रमुख स्थानहरूका बारेमा छलफल गर्ने । | ▪ कैलालीको नक्सा देखाई टीकापुर चिन्न लगाउने ।<br>▪ टीकापुर न पा का सिमानामा अवस्थित गाउँ/क्षेत्रका नाम सोध्ने<br>▪ आफू बसेको वडाको जनसङ्ख्या सोध्ने ।<br>▪ स्थानीय क्षेत्रको हावापानी तथा आफ्नो वडाको मुख्य सडकहरूको नाम सोध्ने । | २० |
| २ | स्थानीय प्राकृतिक सम्पदाको | ▪ स्थानीय प्राकृतिक सम्पदाहरू (वनजङ्गल, | ▪ कर्णाली नदी, मोहना नदी आदिका परिचय चित्र सहित प्रस्तुत गर्ने र तिनको | ▪ स्थानीय क्षेत्रमा अवस्थित मुख्य प्राकृतिक सम्पदाको | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | पहिचान र संरक्षण | नदीनाला, ताल)।<br>▪ स्थानीय क्षेत्रमा पाइने पशुपंक्षीहरूको परिचय<br>▪ मौसमी तथा बेमौसी खेतीपाती र फलफुलहरू | महत्त्वबारे छलफल गर्ने।<br>▪ मुख्य वनजङ्गल, वनस्पति, जडीबुटीको सूचि बनाई परिचय र तिनको संरक्षणको उपायबारे छलफल गर्ने।<br>▪ मौसमी तथा बेमौसी खेतीपाती र फलफुलहरू सचित्र विवरण प्रस्तुत गरी छलफल गर्ने र तिनका महत्त्वबारे जानकार व्यक्तिसँग छलफल गराउने। | सूची तयार गराउने।<br>▪ स्थानीय क्षेत्रमा पाइने पशुपंक्षीहरूको बारमा सोध्ने<br>▪ मौसमी तथा बेमौसमी खेतीपाती र फलफुलहरूको परियोजना प्रतिवेदन प्रस्तुत गर्न लगाउने। | |
| ३ | स्थानीय संस्कृतिको पहिचान र संरक्षण | ▪ टीकापुरको ऐतिहासिक पक्ष ।<br>▪ स्थानीय क्षेत्रमा मनाइने धर्म, चाडपर्व, पुजापाठ तथा रीतिरिवाजको महत्त्व<br>▪ स्थानीय विभिन्न समुदाय र बोलिने स्थानीय भाषा तथा भेषभूषाको महत्त्व।<br>▪ स्थानीय संस्कार (जन्म, मृत्यु, विवाह ) बारे सामान्य परिचय।<br>▪ स्थानीय नाँचगानको सामान्य परिचय। | ▪ लेख रचना तथा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी टीकापुरको ऐतिहासिक पक्षबारे छलफल गराउने।<br>▪ स्थानीय सांस्कृतिक सम्पदाको स्थलगत भ्रमण गराउने र सो बारे प्रतिवेदन तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने।<br>▪ स्थानीय जातिका बारेमा विवरणहरू सङ्कलन गरी त्यस सम्बन्धी लेख रचनाहरू प्रस्तुत गरी छलफल गर्ने।<br>▪ स्थानीय जातिको जन्म, मृत्यु, विवाह जस्ता संस्कार बारे छलफल गर्ने र संरक्षणका प्रयासहरू तथा उपायहरूबारे अन्तरक्रिया गर्ने (स्थानीय बुढा पाका तथा विज्ञ)। | ▪ स्थानीय संस्कृतिको प्रतिवेदन तयार गर।<br>▪ स्थानीय जातिको परिचय लेख्न लगाउने।<br>▪ स्थानीय सांस्कृतिक सम्पदाको सूची बनाई तिनका महत्त्व सोध्ने<br>▪ स्थानीय जातिमा जन्म, मृत्यु र विवाह प्रक्रियाबारे सोध्ने। | २८ |
| ४ | स्थानीय पेसा व्यवसाय तथा आर्थिक क्रियाकलाप | ▪ कृषि तथा गैर कृषि पेसा व्यवसायहरूको परिचय<br>▪ स्थानीय घरेलु व्यवसायहरूको पहिचान<br>▪ स्थानीय व्यवसाय केरा र उखु खेतीको परिचय। | ▪ स्थानीय क्षेत्रका प्रमुख पेसा व्यवसायहरूको सूची बनाई छलफल गर्ने<br>▪ घरेलु व्यवसायका उत्पादित सामग्रीहरू संङ्कलन गरी तिनको परिचय र महत्त्वबारे जानकार व्यक्तिसँग अन्तरक्रिया र परियोजना कार्य गर्ने।<br>▪ स्थानीय व्यवसाय केरा र उखु खेतीको प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने | ▪ कृषि तथा गैर कृषि पेसा व्यवसायहरूका सूची तयार गराउने।<br>▪ स्थानीय स्तरमा उत्पादन हुने सामग्रीहरूको सूची तयार गराउने।<br>▪ घरेलु व्यवसायका उत्पादित सामग्रीहरूबारे सोध्ने।<br>▪ केरा खेतीको परियोजना कार्य गराउने। | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ▪ उखु खेतीको बारेमा लेख तयार गराउने । | |
| ५ | हामी र हाम्रो विद्यालय | ▪ हरित विद्यालयको अवधारणा । ▪ विद्यालयस्तरका स्काउट, बालक्लब, जुरेस, गुनासो सुनुवाइ समितिको परिचय । ▪ विद्यालयका सम्पत्तिहरूको परिचय | ▪ छलफल तथा प्रदर्शनीबाट हरित विद्यालयको अवधारणा प्रस्तुत गर्ने ▪ विद्यालयको भौतिक अवस्था (चौर, खेल मैदान, शौचालय, खाने पानी आदि) अवलोकन गराउने तथा छलफलबाट परिचय गर्ने गराउने । ▪ प्रश्नोत्तर तथा सम्बन्धीत व्यक्तिबाट विद्यालयस्तरका स्काउट, बाल क्लब, जुरेस, गुनासो सुनुवाइ समितिको परिचय दिन लगाउने । | ▪ हरित विद्यालयको अवधारणा बताउन लगाउने ▪ विद्यालयको भौतिक सम्पत्तिको सामान्य परिचय भन्न लगाउने ▪ विद्यालय स्तरका स्काउट, बाल क्लब, जुरेस, गुनासो सुनुवाइ समितिको परिचय दिन लगाउने । | १२ |
| ६ | हाम्रो स्वास्थ्य र विपद व्यवस्थापन | ▪ योग, ध्यान र स्थानीय खेलहरूको सामान्य परिचय । ▪ विद्यालयमा खाने स्वस्थकर खाजाको पहिचान । ▪ बाढी, हुरी, आगलागि जस्ता विपतबाट बच्ने उपायहरू । | ▪ आफै वा जानकार व्यक्तिबाट योग ध्यान र स्थानीय खेलको सामान्य परिचय दिने ▪ छलफल तथा श्रव्य दृश्य सामग्रीको माध्यमबाट विद्यालयमा खाने स्वस्थकर खाजाको पहिचान गर्ने ▪ चित्र प्रदर्शन तथा श्रव्य दृश्य सामग्रीद्वारा बाढी, हुरी, आगलागि जस्ता विपतबाट बच्ने उपायहरू भनी दिने । | ▪ योग ध्यान र स्थानीय खेलको सामान्य परिचय सोध्ने ▪ विद्यालयमा खाने स्वस्थकर खाजाको पहिचान गर्ने स्थानीय खेलहरू आवश्यकता र महत्त्व सोध्ने । ▪ विपतबाट व्यवहारिक जीवनमा बच्ने उपाय सोध्ने | १८ |
| ७ | स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरू | ▪ विविध क्षेत्रका ख्याति प्राप्त स्थानीय व्यक्तित्वहरूको परिचय । ▪ स्थानीय सामाजिक संस्थाहरू (बरघर प्रणाली, आमा समूह, क्लबहरू) ले प्रदान गर्ने सेवाहरू । | ▪ चित्र पत्ती, शब्द पत्तीमा स्थानीय व्यक्तित्वहरूका परिचय प्रस्तुत गर्ने । ▪ बरघर प्रणाली, आमा समूह, क्लबहरू बारे प्रदर्शनी तथा सम्बन्धीत व्यक्तिसँग प्रत्यक्ष भेटघाट गराउने | ▪ नामहरू भन्न लगाएर बरघर प्रणाली, आमा समूह, क्लबका सेवाहरू सूचि तयार गर्न लगाउने | १२ |

कक्षा-५

| क्र स | क्षेत्र/एकाइ/ थिम | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १ | स्थानीय भौगोलिक स्थिति | ▪ टीकापुर नगरपालिकाको नक्सा र अभ्यास ।<br>▪ टीकापुर नगरपालिकाको सिमाना ।<br>▪ स्थानीय क्षेत्रको हावापानी र मौसम बिच फरक।<br>▪ टीकापुर नगरपालिकाको वडागत जनसङ्ख्या<br>▪ टीकापुर नगरपालिकाको मुख्य सडक तथा मार्गहरू । | ▪ टीकापुर नगरपालिकाको नक्साको अभ्यास गराउने, साथै सिमाना वा क्षेत्रहरूको नामबारे छलफल गराउने<br>▪ टीकापुर नगरपालिकाको नक्सा देखाई सिमाना बारे छलफल गराउने<br>▪ नक्साको माध्यमबाट हावापानीबारे कक्षामा छलफल गराउने, तथा श्रव्य दृश्य सामग्रीद्वारा हावापानी र मौसम बिच फरक बताउने ।<br>▪ टीकापुर नगरपालिकाको वस्तुस्थिति विवरणको स्व अध्ययन माध्यमबाट वडागत जनसङ्ख्याको जानकारी दिने ।<br>▪ नक्सा प्रदर्शन तथा छलफलबाट टीकापुर नगरपालिकाका मुख्य मार्ग बताउने । | ▪ टीकापुर नगरपालिकाको नक्सा बनाउन लगाउने ।<br>▪ टीकापुर नगरपालिकाको सिमाना सोध्ने।<br>▪ हावापानी र मौसम बिच फरक हुने फरक सोध्ने ।<br>▪ वडाको जनसङ्ख्या सोध्ने ।<br>▪ टीकापुर नगरपालिकाका मुख्य मार्गहरूको नाम सोध्ने | २० |
| २ | स्थानीय प्राकृतिक सम्पदाको पहिचान र संरक्षण | ▪ स्थानीय प्राकृतिक सम्पदाहरू तथा तिनका संरक्षणका उपायहरू ।<br>▪ स्थानीय क्षेत्रमा पाइने पशुपंक्षीको उपयोगिता<br>▪ फलफुल तथा खेतीपातीको कार्यमा सहभागिता | ▪ टीकापुर नगरपालिकाका प्राकृतिक सम्पदाहरूको सूची तयार गरी तिनीहरूको परिचयबारे छलफल गर्ने ।<br>▪ टीकापुर उद्यानको परियोजना कार्य गर्न लगाउने ।<br>▪ स्थानीय वनजङ्गलमा भ्रमण गराई त्यहाँ पाइने पशुपंक्षी बोटबिरूवाका बारेमा टिपोट गर्न लगाई संरक्षणका लागि गर्न सकिने कार्यसम्बन्धी छलफल गर्ने । | ▪ टीकापुर नगरपालिकाका प्रमुख प्राकृतिक सम्पदाहरू (जल,जङ्गल,जमीन) को सूची तयार गराउने र त्यसका संरक्षणका उपायहरू सोध्ने ।<br>▪ टीकापुर उद्यानको छोटो परिचय दिई त्यसका प्रमुख विशेषताहरू लेख्न लगाउने ।<br>▪ स्थानीय वनजङ्गलमा पाइने पशुपंक्षी तथा जडीबुटीहरूको प्रतिबेदन तयार गराउने | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ▪ स्थानीय स्तरमा गरीने फलफुल तथा खेतीपाती कार्यमा सहभागी गराउन सकिने खालका क्रियाकलाप गराउने । | ▪ फलफुल तथा खेतीपाती कार्यमा सहभागी हुँदाको अनुभव व्यक्त गर्न लगाउने । | |
| ३ | स्थानीय संस्कृतिको पहिचान र संरक्षण | ▪ टीकापुर नगरपालिकाको परिचय ।<br>▪ स्थानीय जातिको मुख्य चाडपर्व,पूजापाठको परिचय र तिनमा गरीने क्रियाकलापहरू ।<br>▪ स्थानीय विभिन्न समुदाय र बोलिने स्थानीय भाषा तथा भेषभूषाको महत्त्व<br>▪ स्थानीय नाँचगान र तिनको अभ्यास<br>▪ स्थानीय जातिको संस्कार (जन्म,मृत्यु र विवाह) को सामान्य परिचय | ▪ टीकापुर नगरपालिका बारे लेख रचना, प्रोफाइल तथा जानकार व्यक्तिबाट कक्षा लिन लगाउने ।<br>▪ स्थानीय सांस्कृतिक सम्पदाहरू (मठ मन्दिर, गुम्बा, मरूवा, आदि) को परियोजना कार्य गराउने र प्राप्त विवरणको कक्षामा छलफल गराउने ।<br>▪ स्थानीय जातिले मनाउने प्रमुख चाडपर्व बारे स्थानीय विज्ञद्वारा जानकारी, महत्त्व र संरक्षणका लागि गरीएका प्रयासबारे छलफल गराउने ।<br>▪ स्थानीय भाषाका बारेमा लिखित लेख रचना प्रस्तुत गरी छलफल गर्ने ।<br>▪ स्थानीय जाति (थारू, मगर, अछामी, डोटेली आदि) को संस्कार बारे स्थानीय जानकार व्यक्तिद्वारा प्रस्तुति र छलफल ।<br>▪ श्रव्यदृश्य सामग्री तथा स्थानीय नाँचगानका जानकार व्यक्तिद्वारा कक्षा सञ्चालन गर्ने । | ▪ टीकापुर नगरपालिकाको परिचय लेखाउने ।<br>▪ स्थानीय सांस्कृतिक सम्पदाहरूमध्ये कुनै एकका बारेमा प्रतिवेदन तयार गर ।<br>▪ स्थानीय जातिले मनाउने चाडपर्वको बारेमा सोध्ने<br>▪ सांस्कृतिक सम्पदाहरूको महत्त्व लेख्न लगाउने ।<br>▪ स्थानीय भाषामा स्थानीय जातिले गर्ने संस्कार बारे परियोजना कार्य गरी प्रस्तुत गराउने<br>▪ स्थानीय नाँचगानको अभ्यास गराउने । | |
| ४ | स्थानीय पेसा व्यवसाय तथा आर्थिक क्रियाकलाप | ▪ कृषि तथा गैर कृषि पेसा व्यवसाय बिच फरक ।<br>▪ स्थानीय स्तरको वस्तु खरिद बिक्रि गर्ने स्थलको पहिचान ।<br>▪ स्थानीय उद्योग | ▪ स्थानीय क्षेत्रमा सञ्चालित कृषि तथा गैर कृषि पेसा व्यवसायबारे छलफल गर्ने।<br>▪ स्थानीय व्यवसायबाट उत्पादित सामग्री सङंकलन गरी सोको बिक्री वितरणको अवस्था बारेमा प्रतिबेदन तयार गरी | ▪ स्थानीय गाउँमा सञ्चालित कृषि तथा गैर कृषि पेसा व्यवसाय विच फरक सोध्ने ।<br>▪ गाउँघरमा संञ्चालित पेसा व्यवसायको परियोजना कार्य तयार गराउने । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | व्यवसायबाट उत्पादित वस्तुहरूको बिक्री विवरणको अवस्था। <br>▪ स्थानीय व्यवसाय केरा र उखु खेतीको स्थिति र त्यसबाट लाभान्वित पक्षहरू। | छलफल गराउने। <br>▪ केरा खेतीका बारेमा स्थानीय विज्ञलाई कक्षामा शिक्षण गर्न लगाई छलफल गराउने। <br>▪ उद्योग व्यवसायसम्बन्धी परियोजना कार्य गराउने। | ▪ गाउँका मानिसहरूको प्रमुख आयस्रोतहरू सोध्ने। <br>▪ स्थानीय उत्पादित सामग्रीको बिक्री वितरणको अवस्था सोध्ने। <br>▪ केरा खेतीबाट हुने आर्थिक फाइदाहरू लेख्न लगाउने। | |
| ५ | हामी र हाम्रो विद्यालय | ▪ हरित विद्यालय वातावरण निर्माणमा सहभागिता। <br>▪ विद्यालयस्तरका स्काउट, बाल क्लब, जुरेस, गुनासो सुनुवाइ समितिको महत्त्व र सहभागिता। <br>▪ विद्यालयका सम्पत्तिहरूको संरक्षणका उपायहरू | ▪ प्रयोगात्मक विधिबाट हरित विद्यालयको निर्माणमा सरिक गराउने <br>▪ प्रश्नोत्तर तथा सम्बन्धीत व्यक्तिबाट विद्यालयस्तरका स्काउट, बाल क्लब, जुरेस, गुनासो सुनुवाइ समितिको महत्त्व बताउन लगाउने । <br>▪ विद्यालयको भौतिक अवस्था (चौर, खेल मैदान, शौचालय, खानेपानी आदि) अवलोकन गराउने तथा छलफलबाट परिचय गर्ने गराउने। | ▪ हरित विद्यालयको महत्त्व बताउन लगाउने। <br>▪ विद्यालयस्तरका स्काउट, बाल क्लब, जुरेस, गुनासो सुनुवाइ समितिको महत्त्व सोध्ने। <br>▪ विद्यालयको भौतिक सम्पत्तिको संरक्षणका उपायहरू सोध्ने। | १२ |
| ६ | हाम्रो स्वास्थ्य र विपद व्यवस्थापन | ▪ योग, ध्यान र स्थानीय खेलहरूको अभ्यास । <br>▪ विद्यालयमा खाने स्वस्थकर खाजाको महत्त्व <br>▪ बाढी, हुरी, आगलागि जस्ता विपतबाट बच्ने उपायहरू। | ▪ आफै वा जानकार व्यक्तिबाट योग ध्यान र स्थानीय खेलको अभ्यास गराउने। <br>▪ छलफल तथा श्रव्य दृश्य सामग्रीको माध्यमबाट विद्यालयमा खाने स्वस्थकर खाजाको महत्त्व बताउने <br>▪ चित्र प्रदर्शन तथा श्रव्य दृश्य सामग्रीद्वारा बाढी, हुरी, आगलागि जस्ता विपतबाट बच्ने उपायहरू भनी दिने। | ▪ योग ध्यान र स्थानीय खेलको अभ्यास गराउने। <br>▪ विद्यालयमा खाने स्वस्थकर खाजाको महत्त्व बताउन लगाउने। <br>▪ विपतबाट व्यवहारिक जीवनमा बच्ने उपाय सोध्ने | १८ |
| ७ | स्थानीय व्यक्तित्व र सामाजिक | ▪ विविध क्षेत्रका ख्याति प्राप्त स्थानीय व्यक्तित्वहरूको | ▪ चित्रपत्ती, शब्दपत्तीमा स्थानीय व्यक्तित्वहरूका योगदान प्रस्तुत गर्ने। | ▪ स्थानीय व्यक्तित्वहरूका योगदान सोध्ने। <br>▪ बरघर प्रणाली, आमा | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | संस्थाहरू | महत्त्वपूर्ण योगदानहरू ।<br>▪ स्थानीय सामाजिक संस्थाहरू (बरघर प्रणाली, आमा समूह, क्लबहरू) को आवश्यकता र महत्त्व | ▪ बरघर प्रणाली, आमा समूह, क्लबहरू बारे प्रदर्शनी तथा सम्बन्धीत व्यक्तिसँग प्रत्यक्ष भेटघाट गराउने | समूह, क्लबका महत्त्व बताउन लगाउने । | |

## २.११ सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य (कक्षा ४-५)

### कक्षा-४

१. नगरपालिकाको वडागत जनसङ्ख्याको चार्ट तयार गरी कक्षामा टाँस गर्नुहोस ।

२. आफूले मनाउने प्रमुख चाडपर्वको बारेमा आफ्नो अभिभावकसँग सोधपुछ गरी तलका बुँदाको आधारमा तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् । (चाडपर्वको नाम, चाडपर्व परेको महिना र गते, उक्त चाडपर्वमा गरीने मुख्य क्रियाकलाप आदि)

३. समूहगत रूपमा कार्य विभाजन गरी नजिकमा पर्ने धार्मिक स्थलको भ्रमण गरी धार्मिक स्थल रहेको ठेगाना, परिचय, गरीने क्रियाकलाप, महत्त्व आदिलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. तपाईंको गाउँटोलमा पाइने हस्तकलाका सामग्री के के छन् सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्नुहोस् । ती सामग्री बनाउने तरिका र उपयोगिता सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. सोधखोज तथा अवलोकनको माध्यमबाट आफ्नो नगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु तथा चराको सूची बनाउनुहोस् । उक्तवन्यजन्तु र चराको महत्त्व तथा संरक्षण गर्ने तरिका समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

६. घर वरपरको खाली जमिन, करेसाबारीमा उपयोगी बोटबिरूवाको वृक्षारोपण गर्नुहोस् । बिरूवा हुर्काउनका लागि आवश्यक पर्ने तत्त्व (पानी, मल आदि) प्रदान गर्नुहोस । करिब एक महिनामा बिरूवाको वृद्धि कति भयो, बिरूवामा के कस्ता परिवर्तन आए ? अवलोकन गरी प्राप्त तथ्यलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. वडाभित्र रहेका स्वास्थ्य संस्थामध्ये कुनै एक स्वास्थ्य संस्थाको बारेमा निबन्ध लेखी कक्षामा प्रस्तुत गर्नुहोस् । उक्त निबन्धमा संस्थाको परिचय, प्रदान गर्ने सेवालाई समेट्नुहोस् ।

### कक्षा-५

१. टीकापुर नगरपालिकाको नक्सा बनाई निम्नलिखित स्थान भर्नुहोसः
(कर्णाली नदी, टीकापुर उद्यान, पद्मप्रकाशेश्वर मन्दिर)

२. समूहगत/व्यक्तिगत रूपमा होली पर्व र माघी मेला सम्बन्धमा उक्त मेलाका जानकार समुदायका व्यक्तिसँग सोधपुछ गरी निम्नपक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोसः
(क) परिचय (ख) मेलामा गरीने मुख्य क्रियाकलाप (ग) राम्रा पक्षहरू (घ) सुधार गर्नुपर्ने पक्षहरू

३. समूहगत रूपमा टीकापुर नगरपालिकाभित्र पर्ने डल्फिन क्षेत्र र पद्मप्रकाशेश्वर मन्दिरको अवलोकन भ्रमण गर्नुहोस र ती ठाउँका विशेषताको बारेमा सोधखोज तथा अवलोकन गरी प्राप्त विवरणलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. घर वरपरको खाली जमिन, करेसाबारीमा उपयोगी औषधिजन्य वनस्पति (घिउकुमारी, अमला, तुलसी, असुरो वा अन्य औषधिजन्य वनस्पति)को वृक्षारोपण गर्नुहोस् । ती वनस्पति हुर्किनको लागि आवश्यक पर्ने तत्त्व (पानी, मल आदि)

प्रदान गर्नुहोस् । करिब तीनमहिनामा बिरूवाको वृद्धि कति भयो, बिरूवामा के कस्ता परिवर्तन आए ? अवलोकन गर्नुहोस् । ती औषधिजन्य वनस्पति केके कामको लागि प्रयोग गरीए ? प्राप्त तथ्यलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. नगर भित्रका शैक्षिक संस्थाको भ्रमण गरी सो संस्थाको परिचय, स्थापनाको उद्देश्य, संस्थाले गर्दैआएका कार्य र भावी योजनासम्बन्धी विवरण सहितको प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस ।

## २.१२ शिक्षण सिकाइ सहजीकरण प्रक्रिया

स्थानीय पाठ्यक्रम स्थानीय परिवेशमा निर्माण र कार्यान्वयन गरीने पाठ्यक्रम हो । यसले स्थानीयतालाई विशेष प्राथमिकता दिन्छ । स्थानीय पाठ्यक्रम स्थानीय वस्तुस्थितिको सापेक्षतामा तयार गरीने पाठ्यक्रम हो । टीकापुर नगरपालिकामा रहेका ९ वटा वडाहरूमा विभिन्न खालका फरक फरक परिवेशलाई आधार मानेर सोही परिवेशसापेक्ष विषयवस्तुहरूलाई आधार मानेर यस पाठ्यक्रमको जगमा शिक्षकले शिक्षणसिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । सिकारूको रूचि, उमेर, क्षमता र स्थानीय परिवेशको जगमा यसको सिकाइ सहजीकरण गर्नुपर्ने भएकोले एउटै विधि वा सिकाइ क्रियाकलाप स्थानीय विषयमा सान्दर्भिक हुदैन । स्थानीय विषय पढ्ने र पढाइने विषय भन्दापनि गर्ने र गराइने विषय हो । यो स्थानीय विशिष्ट परिस्थिति सापेक्ष हुन्छ जसले गर्दा यसले पाठ्यपुस्तकको परिकल्पना गर्दैन । कुनै पनि विषयवस्तुको प्रभावकारी सिकाइका लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप, आवश्यक शैक्षणिक योजना निर्माण, त्यसको कार्यान्वयनको आवश्यकता हुन्छ । स्थानीय पाठ्यक्रम शिक्षणको विधि तथा क्रियाकलाप यहि नै हुन्छ र हुनुपर्छ भन्ने हुदैन तथापि शिक्षण सिकाइ गर्दा निम्नानुसार शिक्षण विधि र क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छः

**क. छलफल/प्रश्नोत्तरः**

विभिन्न विषयहरूमा छलफल गर्नका लागि के के बुँदामा छलफल गर्ने हो र छलफल पश्चात के कस्ता प्रश्नहरू सोध्ने हो त्यसको पूर्वतयारी गरेर छलफल सञ्चालन गर्नुपर्छ ।

**ख. प्रदर्शनः**

शिक्षक, विद्यार्थी र सरोकारवालाहरूबाट विभिन्न सामग्रीहरू सङ्कलन गरेर, विभिन्न कृषि मेला, औद्योगीक मेला, सांस्कृतिक पर्व आदिमा सहभागी गराएर गरीएको प्रदर्शन अवलोकन गर्ने, त्यस बारेमा छलफल गर्नेजस्ता क्रियाकलापहरू गर्न सकिन्छ र आवश्यकता अनुसार वास्तविक घट्ना या गतिविधिहरू अवलोकन गर्न लगाउने, सान्दर्भिक भिडियो क्लिप्स, फिल्म फुटेज, चित्र, तस्विर तथा श्रब्य, दृष्य, श्रब्यदृष्य सामग्री, मोबाइलमा रेकर्ड या भिडियो खिचेर पनि सिकारूलाई देखाउन सकिन्छ ।

**ग. सहभागिताः**

गरेर सिक (Learning By Doing) विधि नै सहभागिता विधि हो । सहभागिता विभिन्न कार्यमा गराउन सकिन्छ । सहभागितामा जिम्मेवारी बढ्छ ।तसर्थ विभिन्न कार्यक्रमहरूमा विद्यार्थीहरूलाई सहभागी गराउनु पर्छ ।

**घ. अवलोकन भ्रमण र अभ्यासः**

विद्यार्थीहरूलाई विभिन्न कुराहरूको अवलोकन भ्रमण र अभ्यासमा सहभागी गराउनु पर्छ । नदी, नाला, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदा आदिको भ्रमण र अवलोकन गरेर सिकाउन सकिन्छ ।

**ङ. परियोजना कार्यः**

अभ्यासको नै महत्त्वपूर्ण अङ्गका रूपमा हिजोआजपरियोजना कार्य गर्ने गराउने गरीन्छ । यस्तो कार्य एउटा निश्चित खाका तयार पारेर सम्पन्न गर्नु पर्दछ । त्यस्तो खाका भनेको के गर्ने, किन गर्ने, कसरी गर्ने,कसले गर्ने, खर्च कति लाग्ने जस्ता कुराहरू पहिले नै सोच्नु पर्छ ।

**च. अभिभावकीय संलग्नताः**

शिक्षकले स्थानीय विषयवस्तुसँग सम्बन्धीत कतिपय सिकारूको व्यवहारसँग गाँसिएका आचरण, मूल्यमान्यता, सोचाइ र व्यवहार परिवर्तन लिखित या मौखिक तवरले सहजीकरण गरेरमात्र पुग्दैन। सिकारूले घरको वातावरण, अभिभावकको सहयोग र निर्देशनबाट सिक्ने गर्दछ।

**छ. कथाकथन वा गीत/सङ्गीत विधिः**

पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइ उपलब्धि तथा पाठ्यक्रममा समाविष्ट विषयवस्तुको जगमा रहेर सान्दर्भिक कथा, कविता, गीत तथा सङ्गीतको माध्यमले पनि सिकाइ सहजीकरण गर्न सकिन्छ। यसो गर्दा अपेक्षित सिकाइ उपलब्धि प्राप्तिमा सहजता हुन्छ नै साथसाथै विषयवस्तुको धारणालाई समेत थप स्पष्ट पार्न सकिन्छ।

**ज. भूमिका निर्वाह तथा नाटकीकरण विधिः**

स्थानीय पाठ्यक्रममा उल्लिखितविषयवस्तुको बारेमा सिकारूलाई स्पष्ट पार्न सिकारू स्वयंलाई सिकाइसहजीकरणको माध्यम बनाउन सकिन्छ।

**झ. अन्वेषण, अनुसन्धान तथा खोज विधिः**

विषयवस्तुको सान्दर्भिकता र अपेक्षित सिकाइ उपलब्धिको अपेक्षालाई समुचित ध्यान दिँदै समस्या या प्रश्नको प्रस्तुति, गरीने क्रियाकलाप, निकालिने निष्कर्ष र सञ्चालन गरीने अन्वेषण, अनुसन्धान तथा खोज कार्यको बारेमा सिकारूलाई आवश्यक निर्देशन दिई सो सम्बन्धी क्रियाकलापमा सहभागी गराउन सकिन्छ।

**ञ. प्रविधियुक्त कक्षाः**

विषयवस्तुलाई थप स्पष्ट पार्दै अपेक्षित सिकाइ उपलब्धि प्राप्त गराउनका लागि आवश्यकता अनुसार, मोवाइल, कम्प्युटर, प्रोजेक्टर, सामाजिक सञ्जालहरूको समुचित प्रयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ।

**ट. अन्य सान्दर्भिक सिकाइ सहजीकरण विधिहरूः**

आगमन तथा निगमन विधि, निर्माणात्मक तथा सहयोगात्मक कक्षा शिक्षण विधि, खेल विधि, परियोजना कार्य, क्षेत्र भ्रमण विधि, अन्तरक्रिया विधि, उदाहरण र प्रयोग विधि आदि।

अतः सान्दर्भिक विधिहरूलाई विषयवस्तुको प्रकृति, अपेक्षित सिकाइ उपलब्धि, समय,सन्दर्भ र परिवेशको आधारमा सिकाइ सहजीकरण गर्न सकिन्छ। सिकाइ सहजीकरण छनौट र प्रयोग गर्नुको मुख्य ध्येय भनेको नै सिकारूले निर्दिष्ट सिकाइ उपलब्धि प्राप्त गर्न सकुन भन्ने नै हो।

## २.१३ सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने पक्षहरू

स्थानीय पाठ्यक्रम/स्थानीय विषय स्थानीय परिवेशमा तयार गरीएको आवश्यकता केन्द्रित विषयवस्तुहरूको सङ्गालो भएकोले अन्य विषयहरू जस्तो तोकिएको पाठ्यपुस्तक/कार्यपुस्तकमा उल्लेख भए बमोजिम सिकाइ सहजीकरण गर्न सम्भव हुदैन। विषयवस्तुको माग र सिकारूको अवस्थालाई मध्यनजर गर्दा स्थानीय विषय पठनपाठन गराउनु पर्ने भएकोले पनि यसको सिकाइ सहजीकरण अन्य विषयभन्दा सम्बन्धीत विषय क्षेत्रमा मेलखाने शिक्षण विधि तथा प्रविधि छनौट गर्दा ध्यान दिनुपर्ने केहि महत्त्वपूर्ण पक्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- विषयवस्तु तथा सिकाइ उपलब्धि
- बाल मनोविज्ञान
- स्रोत साधनको उपलब्धता
- विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति
- शिक्षकको योग्यता, क्षमता र रूचि

- स्थानीय परिवेश, सन्दर्भ र प्रसङ्ग
- पाठ्यक्रमले तोकेका सक्षमताहरू
- सिकाइ वातावरण
- शिक्षण समय

## २.१४ विद्यार्थी मूल्याङ्कन प्रक्रिया

### २.१४.१ कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा मूल्याङ्कनलाई लिईन्छ । नियमित रूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखागरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ ।यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । कक्षा १-३ मा गरीने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने तथा दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्तगर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुका साथै पटक पटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ ।

### (अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । कक्षा १–३ का प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्य सञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक क्षेत्रको पठनपाठन पश्चात, विषय क्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्य सञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्नेछ ।

### (आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरीने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रूचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रूचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधन हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनालाई निश्चित स्वरूपमा अभिलेखीकरण गरीनुपर्दछ । कक्षाकार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको

अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रूजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरीन्छ । सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिका अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रूजु सूची, श्रेणीमापन, रूब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधन प्रयोग गर्न सकिन्छ ।

### (इ) विद्यार्थीको सिकाइ स्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक शिक्षण आवश्यक रहेको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल भएको |

